**रोगबाट बच्ने उपायहरू**
- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिसापिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

**साबुनपानीले मिचिमिची हात धोऔं, रोगबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com

**जनहितमा जारी सन्देश**
- महामारीको रुपमा मङ्कीपक्स आउँदैछ ।
- डेङ्गी र हैजाले पिरलो पारेकै छ ।
- वर्षात्को महीना भएकोले झाडा–पखाला पनि लाग्छ ।

**किनकि;**
- हामी स्वास्थ्य सतर्कताप्रति संवेदनशील छैनौं,
- शहर र सडक सफा राख्न खोज्दैनौं,
- सतर्क बनौं, विभिन्न ब्याधिबाट जोगिन घर–आँगन, सडक र शहर सफा राखौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 25 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३८

# पटेर्वासुगौलीमा १० शय्याको आधारभूत अस्पतालको उद्घाटन

## शिक्षा, स्वास्थ्यमा नेपाल आत्मनिर्भर बन्दैछ –पूर्वप्रम देउवा






प्रस, पंचगावाँ, ८ असोज/

पटेर्वासुगौली गाउँपालिका–४ सुपौली फरहदवामा निर्मित १० शय्याको आधारभूत अस्पतालको मङ्गलवार नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका छन् ।

उद्घाटन कार्यक्रममा सभापति देउवाले शिक्षा र स्वास्थ्य क्षेत्रमा नेपाल आत्मनिर्भर बन्दै गएको बताए । उनले पछिल्लो समयमा शिक्षा र स्वास्थ्य सेवामा ग्रामीण मानिसहरूको पहुँच पनि बढिरहेको बताए । उनले यो क्षेत्रलाई निश्शुल्क सेवाप्रवाह गर्ने बताउँदै यसको भरपूर लाभ उठाउन आग्रह गरे । उनले पटेर्वासुगौलीमा १० शय्याको आधारभूत अस्पतालसँगै आधुनिक उपकरण जडान भएपछि यहाँका मानिसहरू सेवा लिन वीरगंज जानु नपर्ने अवस्था सिर्जना भएको बताए । उनले शिक्षा, स्वास्थ्य जस्ता कुरामा सरकार संवेदनशील भएको र जनताले पनि सरकारको साथ दिनुपर्ने बताए ।

गापा अध्यक्ष दिनेश चौधरीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा नेका, पर्साका सभापति एवं मधेस प्रदेशका मन्त्री जनार्दनसिंह क्षत्री, सङ्घीय कानूनमन्त्री अजय चौरसिया, पूर्वमन्त्री रमेश रिजाल, सुरेन्द्रप्रसाद चौधरी, नेकाका आर्थिक समितिका संयोजक अनिल रूँगटा, प्रदेशसभा सदस्य शङ्कर चौधरी, राष्ट्रियसभा सदस्य आनन्द ढुङ्गाना, पूर्वमन्त्री उमाकान्त चौधरी, नगिना यादव, मधेस प्रदेशका अध्यक्ष कृष्ण यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

गापा उपाध्यक्ष ममता महतोले स्वागत गर्दै पर्सा जिल्लामा आधारभूत अस्पताल पहिलोपटक पटेर्वासुगौलीमा सञ्चालनमा आएको बताइन् । उनले तत्कालीन तथा हालका प्रधानमन्त्री केपी शर्मा ओलीको समयमा २०७७ मङ्सिर १५ गते देशभर ३०९ वटा आधारभूत अस्पतालको शिलान्यास भएकामा पटेर्वासुगौलीमा १० शय्याको आधारभूत अस्पताल रु आठ करोड १० लाखमा निर्माण भएको बताइन् । उनले अस्पतालमा पालिकाले उपकरणको लागि दुई लाख रुपैयाँ व्यवस्था गरेको बताइन् । आधारभूत अस्पतालमा डिजिटल एक्स–रे, प्रयोगशाला, इसिजी, अल्ट्रासाउन्ड, फार्मेसी, ओपिडी, प्रसूतिगृहको पनि सुविधा भएको उनले जानकारी गराइन् ।

# वीरगंजमा लाइन कट्ने समस्या

## प्रमुख भन्छन्- लोड बढ्दा समस्या भइरहेको छ

प्रस, परवानीपुर, ८ असोज/

एक सातादेखि गर्मी बढ्दा नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजबाट प्रवाह हुने विद्युत् सेवा प्रभावित भएको छ ।




सोमवार राति लाइन काटेपछि विद्युत् प्राधिकरण घेराउ गर्दै सर्वसाधारण ।

वितरण केन्द्र वीरगंजको पर्सा र बाराका शहरी तथा ग्रामीण भेग एवं औद्योगिक क्षेत्रमा समेत विद्युत् सेवा निस्प्रभावी भएको आम उपभोक्ताहरूको भनाइ छ । वीरगंज–१४ पिपरा र बहुअरीका उपभोक्ताहरूको समूहले गएराति वितरण केन्द्रअगाडि प्रदर्शन गरेको थियो ।

छिनछिनमा ट्रिपिङ हुने, आधादेखि एक घण्टासम्म लाइन कट्ने समस्याले आफूहरू मर्कामा परेकोले केन्द्रअगाडि विरोध जनाउन आएको उपभोक्ताहरूले बताएका छन् । कतिपय ठाउँमा लोड अनुसार ट्रान्सफर्मरले लोड धान्न नसक्दा भोल्टेज कम हुने, लाइन आउँदा एमसिभी पटकपटक खस्ने, पङ्खा, फ्रिजलगायत विद्युतीय उपकरणहरू नचल्दा पीडामा परेको उपभोक्ताहरूले बताएका थिए ।

"नेपाल विद्युत् प्राधिकरणले मिटर रिड गरेर महसूलसहितको बिल मात्र पठाउने काम गर्छ । प्रभावकारी सेवा दिँदैन," वीरगंज–१४ पिपराका जयप्रकाश पटेलले भने, "विद्युत् महसूल एक रुपैयाँ पनि छोड्दैन । एक साता ढिलो हुँदा जरिवाना बढाएर थप महसूल असुल्छ ।"

यस विषयमा वितरण केन्द्र वीरगंजका प्रमुख अवधेश दुबेले अत्यधिक गर्मीले गर्दा विद्युतीय उपकरणको बढी प्रयोग हुँदा लोड बढ्ने गरेको र सो अनुसारको विद्युत्को आपूर्ति नहुँदा समस्या भएको बताए । अहिले वीरगंजमा दैनिक तीन सय मेगावाट विद्युत् खपत भइरहेकोमा आपूर्ति भने २५० मेगावाट भएर त्यसैबाट काम चलाउनुपरेको उनले स्पष्ट पारे ।

एकातिर लाइन काटेर अर्कोतिर

(बाँकी अन्तिम पातामा)

# एमालेको अन्तर्क्रिया

प्रस, वीरगंज, ८ असोज/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले एमाले विचारमा प्रस्ट रहेको र सबल सङ्गठनका कारण नेता र नेतृत्वबीच समन्वय तथा सहकार्य रहेको बताएका छन् ।

नेकपा एमाले मधेस प्रदेश कमिटीको आयोजनामा पार्टी निर्माण र



शुद्धीकरणको लागि आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा एमाले जनआधारित कार्यकर्ता पार्टी रहेको कारण विपक्षीहरूभन्दा सक्षम रहेको बताए । उनले एमाले जनपरिचालनका माध्यमबाट अघि बढिरहेको बताए ।

# मङ्गलवार पनि अत्यधिक गर्मीको कारण छात्रा बेहोश

प्रस, पोखरिया, ८ असोज/

जगरनाथपुर गाउँपालिका–५ मसिहानीस्थित नेरामाविमा अध्ययनरत एकजना छात्रा मङ्गलवार गर्मीको कारण बेहोश भएकी छन् ।




कक्षा ७ मा अध्ययनरत छात्रा सुमन कुमारी कक्षाकोठामा पढ्दापढ्दै बेहोश भएकी र उनलाई उपचारको लागि जिल्ला अस्पताल पोखरिया पुऱ्याइएको थियो । कार्यालय सहयोगी जगदीश पण्डितले छात्रा बेहोश भएपछि पोखरिया अस्पतालमा उपचारको लागि लगेको बताए । पोखरियाका चिकित्सकले छात्रा उपचारपछि घर फर्केको जानकारी गराए ।

कक्षा १० मा अध्ययनरत छात्रा चाँदनी साहले गर्मी अत्यधिक बढेको र कक्षाकोठामा जस्तापाताको छाना भएकोले गर्मी भई बालबालिकाहरू बेहोश हुने गरेको बताइन् ।

# प्रअको सरुवालाई लिएर विद्यार्थीद्वारा नपा कार्यालयमा तोडफोड






प्रस, रौतहट, ८ असोज/

प्रधानाध्यापकलाई सरुवा गरेको विषयलाई लिएर विद्यार्थीहरूले मङ्गलवार देवाहीगोनाही नगरपालिकाको कार्यालयमा तोडफोड गरेका छन् ।

देवाहीगोनाही नगरपालिकाका प्रमुख प्रेमलाल साहले मनोमानी ढङ्गले प्रधानाध्यापकको सरुवा गरेको आरोप लगाउँदै विद्यार्थीहरूले नपा कार्यालयमा तोडफोड गरेका हुन् ।

जय किसान माध्यमिक विद्यालय धरहरिका प्रधानाध्यापक सञ्जयप्रसाद गुप्तालाई सरस्वती माध्यमिक विद्यालय देवाहीमा सरुवा गरेकोमा उक्त सरुवा रोक्नुपर्ने माग गर्दै जय किसान माध्यमिक विद्यालय धरहरिका विद्यार्थीहरूले आज देवाहीगोनाही नगर कार्यपालिकाको कार्यालयमा ताला लगाएर विभिन्न नाराहरू लगाउँदै विरोध प्रदर्शन गरेका हुन् ।

अनधिकृतरूपमा प्रधानाध्यापक गुप्तालाई अन्यत्र सरुवा गरिएको भन्दै विद्यार्थीहरू निकै आक्रोशित हुँदै नगरप्रमुख साहविरुद्ध चर्को नाराबाजी गरेका थिए । परिस्थितिलाई नियन्त्रणमा लिन ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको थियो । नगरपालिकाअगाडि ठूलो सङ्ख्यामा उपस्थित भएका जनपद र सशस्त्र प्रहरीले भीडलाई नियन्त्रणमा लिने प्रयास गरेका थिए । भीड नियन्त्रण गर्ने क्रममा प्रहरी र विद्यार्थीहरूबीच झडप भएको थियो ।

# रास्वपा, पर्साद्वारा वीरगंजमा प्रदर्शन, प्रजिअमार्फत ध्यानाकर्षण

प्रस, वीरगंज, ८ असोज/

राष्ट्रिय स्वतन्त्र पार्टी, पर्साले मङ्गलवार वीरगंजमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।




रास्वपा, पर्साका अध्यक्ष हरि पन्तको नेतृत्वमा पार्टी कार्यालय आदर्शनगरबाट निकालिएको जुलुसले नगरपरिक्रमा गर्दै माईस्थानमा कोणसभा गरेको थियो । कोणसभामा केन्द्रीय सदस्य नन्दन यादव, पूर्वसंयोजक दिलीप कुर्मी, तुलसा पौडेल, फैयाज मियाँ, जीतेन्द्र मिश्र, राम सर्राफ, रामप्रमोद रायमाझी, राम आर्य, सोनालाल पटेल, माधव बस्नेत, उमेश यादव, प्रदीप पटेल, चन्दन गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए । उनीहरूले ८७ अर्ब ठगी गर्ने असली सहकारी ठगहरूलाई कारबाई नगरी रवि लामिछानेप्रति राजनीतिक पूर्वाग्रह साँध्ने काम भइरहेको आरोप लगाएका थिए । उनीहरूले कुनै पनि बहानामा लामिछानेलाई पक्राउ गर्ने दुस्साहस नगर्न चेतावनी दिए ।

पन्त नेतृत्वको टोलीले जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबू अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

ध्यानाकर्षणपत्रमा पार्टी अध्यक्ष रवि लामिछाने सहकारी ठगी हिनामिनामा दोषी नदेखिएका तर उनलाई सत्ता र शक्तिको दुरुपयोग गरी राजनीतिक प्रतिशोध साँध्न धरपकड, थुनछेक गर्ने सम्भावना भएको भन्दै त्यसो गरिए देशकै लागि दुर्भाग्यपूर्ण हुने चेतावनी दिए ।

उनले घटनापछि सिर्जित समस्याको जिम्मेवारी सरकारले लिनुपर्ने भन्दै रास्वपाको ध्यानाकर्षणपत्रमा विचार पुऱ्याउन आग्रह गरेका छन् ।

**हार्दिक श्रद्धाञ्जलि**



स्व सुदर्शनराज पाण्डे

यस दैनिकका स्तम्भकार **सुदर्शनराज पाण्डे**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**प्रतीक दैनिक परिवार**

### विचारसार र सूक्तिहरू

जो सोच्छ उसका लागि जीवन सुखद हो, जो अनुभूत गर्छ, उसका लागि दुःखद ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# बिदाइको बेला गर्मीको उपद्रो

**मधेस प्रदेशमा गर्मी उपद्रो किसिमले हुन्छ । बर्सेनि गर्मीले उपद्रो मचाउने गर्छ, यो प्रदेशमा । यसपटक गर्मीले यो प्रदेशमा पछिल्ला सबै रेकर्ड ब्रेक गर्दै अचाक्ली बढेको महसूस गरिएको छ । देशका अन्य भागमा भन्दा मधेस प्रदेशका आठ जिल्लासहित तराईका २२ जिल्लाको लागि भने बढी गर्मी नौलो होइन । प्रत्येक वर्ष आठदेखि नौ महीना गर्मी हुन्छ । केही वर्षदेखि देशका पहाडी जिल्लामा पनि गर्मी बढ्दो छ । गर्मीले अहिलेसम्म नसताएको हिमाली क्षेत्र मात्र हो । समयमा वर्षा नभएपछि गर्मी बढी महसूस हुन्छ र अहिले त्यस्तै भएको छ । यसपटक यो प्रदेशमा वर्षा नियमित भएको छ तर आशाप्रदरूपमा नभएको कारण गर्मी बढी महसूस भएको हो । यसपटक लगातार वर्षा कमै भयो । वर्षा भएको भए सायद त्यत्तिको गर्मी महसूस हुँदैन थियो । यसो त यस वर्षको गर्मीले अहिले विश्राम लिने समय नजीकिँदै छ । तीन दशक अघिसम्म असोज महीनामा बिहानीपख अलिअलि चीसो महसूस हुन्थ्यो । तर हालको समयमा भने असोज महीनामा पनि प्रचण्ड गर्मीको सामना गर्नुपरिरहेको छ । समयमा वर्षा नभएरै होला बितेका वर्षहरूको तुलनामा यस वर्ष सबैभन्दा बढी गर्मी भएको महसूस गरिँदैछ । असोज महीनाको पहिलो साता बित्न लाग्दा पनि अत्यधिक गर्मीले तराई क्षेत्रको जनजीवन निकै प्रभावित भएको छ ।**

**मौसम पूर्वानुमान महाशाखाले यस वर्ष तुलनात्मकरूपमा अचाक्ली गर्मी बढ्ने भन्दै सतर्कता अपनाउन अनुरोध गर्दै आएको थियो । मौसम पूर्वानुमान महाशाखाले अहिले हिले दशैंको सङ्केत दिएको छ । मनसुन भित्रिएको तर यस वर्ष अहिलेसम्म बाहिरिनुपर्नेमा सो नभएकोले यस वर्ष दशैंमा वर्षा हुने र हिले दशैंको सम्भावना देखाए पनि अहिले भने पर्सा, बारा, रौतहटलगायतका जिल्लामा चर्को गर्मीले जनजीवन प्रभावित भएको छ । अत्यधिक गर्मीका कारण अहिले विद्यालयहरूमा विद्यार्थीहरू बेहोश हुन थालेपछि कतिपय पालिकाहरूले बिहानीपख विद्यालय सञ्चालन गर्न निर्देशन जारी गरेका छन् भने कतिपय पालिकाहरूले एकाध दिनका लागि विद्यालय नै बन्द गरेका छन् । अत्यधिक गर्मी बढेको कारण घरबाहिर ननिस्कन, निस्कनै परे टाउकोमा कपडा राखेर निस्कन, सुतीको पातलो कपडा लगाउन र पानीलगायत झोलिलो पदार्थ प्रशस्त पिउन चिकित्सकहरूले गर्मीयाम शुरू भएसँगै सुझाउँदै आएका छन् । गर्मी बढेसँगै विभिन्न रोगका प्रकोप पनि बढ्न थालेका छन् । अस्पताल, स्वास्थ्य चौकीहरूमा बिरामीहरूको चाप घटेको छैन । बान्ता हुने, रिङ्गटा लाग्ने, ज्वरो लाग्ने, टाउको दुख्ने जस्ता रोगका प्रकोप जारी नै रहेको चिकित्सकहरू बताउँछन् ।**

**अहिलेसम्म गर्मीले बिदा लिनुपर्ने हो तर केही वर्षदेखि असोज महीनामा गर्मीयाममा सबैभन्दा बढी गर्मी महसूस गरिँदैछ । यसो त मधेस प्रदेश र तराईका जिल्लामा गर्मीयाममा ४१ डिग्री सेल्सियससम्म तापमान मापन हुँदै आएको थियो तर भैरहवा, नेपालगंजमा ४३ डिग्री सेल्सियससम्म मापन भएको बताइन्छ । पर्सा जिल्लामा भने ४१ बढी मापन भएन । अहिले गर्मीयाममा मापन भएको ४१ डिग्री सेल्सियस छैन र ३७–३८ को आसपासमा तापमान मापन हुँदैछ । तर पनि अहिले गर्मी ४१ डिग्री सेल्सियसभन्दा बढी महसूस गरिँदैछ । तसर्थ गर्मीको बिदाइ हुने बेलामा बढेको गर्मीसँग पैठेजोरी खेल्नु उचित हुँदैन । मौसम परिवर्तनको समयमा स्वास्थ्यप्रति चिन्तनशील हुनु राम्रो हो, हैन भने अनाहकमा मौसमी बिरामीले सताउन सक्छ ।**

# संविधान र संशोधनको चर्चा

स्वतन्त्र विचार



विनोद गुप्ता

**आफ्नो देशका उद्योगहरूको क्षमता उपयोग ४० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९ प्रतिशतबाट झरेर ४ प्रतिशत आइपुग्दासमेत विप्रेषण आय बढेको भनेर दङ्ग पर्ने यो सरकारले संशोधनमा कस्तो प्रस्ताव ल्याउला भनेर लख त पक्कै काट्न सकिन्छ ।**

गत असोज ३ गते नवौं संविधान दिवस मनाइयो । धिपधिपे विरोध र संशोधनको चर्को चर्चाबीच मनाइएको यो संविधान दिवसको अवसरमा विभिन्न विज्ञ र नेताहरूले संशोधनको आवश्यकताबारे चर्चा गरेका छन् । एकथरीले यसमा उपलब्ध सङ्घीयता र समानुपातिकको अधिकार कटौती गर्न संशोधन गर्न लागेको भनेर विरोध जनाएका छन् भने अर्कोथरीले कार्यकारी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री पद्धतिमा जानुपर्ने तर्क अगाडि सारेका छन् । केहीले भने प्रदेश समानुपातिक र राष्ट्रियसभा समानुपातिक गरेर जानुपर्ने मन्तव्य दिएका छन् । थ्रेसहोल्डका कुराहरू पनि उठाइएका छन् भने पालिकाहरूको सङ्ख्या घटाएर क्षेत्र र अधिकार ठूलो पार्नुपर्ने आवाज पनि उठाएका छन् ।

संविधान सम्मतिको विधान हो । हाम्रो यो गणतान्त्रिक संविधान, सातौं हो र यसभन्दा पहिले छवटा संविधान हामीले पूरै फेरिसकेका छौं । किन ल्यायौं र किन फेर्‍यौं त्यसको जाफदेहिता लिने यो देशमा कोही छैन । भारत र जापानमा करीब ८० वर्ष अगाडि लेखिएको संविधान एकपटक पनि फेर्नुपरेको छैन, संशोधनहरू भएका छन् तर हामीले यही अवधिमा छवटा फेर्नुपर्ने कारणबारे विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने प्रयास भएको देखिँदैन । यो सिक्ने जीजिविषाको कमीले गर्दा हो । यस्तो अवस्थामा मभन्दा जान्ने कोही छैन भन्ने दम्भ पलाएको मान्न सकिन्छ । वर्तमान संविधान घोषणा गर्दा विश्वको उत्कृष्टमध्ये एक र दक्षिण एशियाको त सर्वोत्कृष्ट नै भनी घोषणा गरिएको थियो । तर यस ९ वर्षको अवधिमा संविधानसँग मेल खानेगरी बनाउनुपर्ने कानूनसमेत बनाउन नसकेका, सरकार बनाउने दलहरूलाई संशोधनको आवश्यकता किन पर्न गयो बुझ्नुपर्ने हुन्छ ।

पहिलो संविधासभाबाट संविधान बन्न नसकेपछि दोस्रो संविधानसभाबाट यो पारित त भयो तर कसरी ? संसदीय टोलीले आम जनतासँग अन्तरर्क्रिया गरेर सङ्कलन गरेको सुझाव, समावेश त टाढाको कुरा, अध्ययनसमेतछ गरिएन र एकैपटक Pandora's Box बाट संविधान तयार भएर आयो र यसमा माओवादी दलहरूले विरोध जनाउँदा तत्कालीन राष्ट्रपति डा रामवरण यादवले सबैको विचार समाहित गरेर, बरु केही ढिलै भए पनि, जारी गरौं भनेर सुझाव दिंदा एमालेका मूर्धन्य नेता स्व. सुभाष नेम्वाङले राष्ट्रपतिलाई संसद्ले दुईतिहाई बहुमतले पारित गरेको संविधान प्रमाणीकरण गरी जारी गर्नुको विकल्प नभएको सार्वजनिक टिप्पणी नै गरेका थिए ।

संविधान जारी भयो र यसको विरोधमा भएको मधेस आन्दोलनमा मधेसका युवाहरूको छाती र घाँटीमा ताकेर गाली हानी हत्या गराइयो र त्यसकै फलस्वरूप यो संविधानलाई पनि नेपाली जनताले पूर्णरूपमा आत्मसात गर्न सकेन र सकेको छैन । यस संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरेर तत्कालीन तथा वर्तमान प्रधानमन्त्री केपीशर्मा ओलीले दुई–दुईपटक प्रतिनिधिसभा नै विघटन गरे, जसलाई सर्वोच्च अदालतले सच्यायो ।

संवैधानिक परिषद्मा जथाभावी नियुक्ति गर्न ओलीजीले त्यसमा कायम रहेको व्यवस्था नै परिवर्तन गरेका हुन् र काङ्ग्रेसले पनि संवैधानिक परिषद् र प्रधानमन्त्रीको कार्यालय अन्तर्गत ल्याइएका विभागहरूको विरोध मात्रै गर्‍यो, आफू सत्तामा आउँदा त्यसलाई हटाउनुको साटो कायम नै राख्यो । विगत ९ वर्षमा प्रहरी ऐन, निजामती सेवा ऐन र शिक्षा ऐन नै बन्न सकेन । वर्तमान संविधानको कुन दफाले यसलाई रोकेको छ ? अन्तर्राष्ट्रिय विमानस्थल, वाइडबडी, सुन, शरणार्थी र सहकारीलगायत काण्डहरूमा अनुसन्धान गर्न र दोषीलाई कारबाई गर्नबाट र अझ त्यसमा इमानदारीपूर्वक अनुसन्धान गरिरहेको राष्ट्रसेवकहरूलाई चलाउने, उच्च पदमा नियुक्तिमा चलखेल गर्ने र अरूअरू चुनावताका आफ्नै राजनैतिक दलका कार्यकर्ताहरूलाई टिकट दिंदा पैसा असुल्ने काम कुन संविधान र नियम अनुसार भइरहेको छ ?

यस्ता घटनाक्रमहरूलाई हेर्दा के बुझिन्छ भने सत्तामा बस्नेहरूलाई नियममा बाँधिनु तीतो र असीमित शक्ति प्राप्त गर्दा स्वाद आउँदो रहेछ । यस्ता राजनीतिज्ञहरूले यस संविधानलाई बलियो र सर्वस्वीकार्य बनाउन, उपयुक्त प्रजातान्त्रिक संस्थाहरूलाई बलियो बनाउने गरी संशोधन प्रस्ताव ल्याउलान् भन्ने कुरा कल्पनातीत हो । बरु यिनले फेरि विशेषाधिकारको नाममा संसद् विघटन गर्ने अधिकार र दुई वर्षसम्म अविश्वास प्रस्ताव नल्याउन पाइने व्यवस्था हटाउने प्रस्ताव ल्याउन सक्नेछन् । त्यसैगरी राष्ट्रियसभा र प्रदेशसभालाई समानुपातिक बनाउने कुरा गरे पनि यसमा फेरि चारण–भाट संस्कार र फरियावाद हावी नहुने ग्यारेन्टी कसले गर्ने ?

नियत नै खोटो छ भने जतिसुकै नियम बनाए पनि केही लाग्दैन । ३५ वर्षको प्रजातान्त्रिक इतिहासमा कर्मचारीतन्त्रबाट पूँजीगत शीर्षकको वास्तविक खर्च ५० प्रतिशतभन्दा बढाउन सकेको छैन । तयारी एवं अर्धतयारी वस्तुको आयात ८०–८५ प्रतिशतसम्म पुर्‍याइएको छ । आफ्नो देशका उद्योगहरूको क्षमता उपयोग ४० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९ प्रतिशतबाट झरेर ४ प्रतिशत आइपुग्दासमेत विप्रेषण आय बढेको भनेर दङ्ग पर्ने यो सरकारले संशोधनमा कस्तो प्रस्ताव ल्याउला भनेर लख त पक्कै काट्न सकिन्छ । देशको कुल गार्हस्थ्य उत्पादनमा ८६ प्रतिशत योगदान निजी क्षेत्रको रहेको भनाइ उद्योग वाणिज्य सङ्घका जिम्मेदार पदाधिकारीबाट आइरहेकै बेला सामाजिक सञ्जालमा नेपालको अर्थतन्त्रको आकार ६७ खर्ब भएको र यहाँका करीब ८ सय व्यापारी घराना, तीमध्ये १०० घरानाले १० खर्ब र ६८० ले ३–४ खर्ब एवं १८–२० घरानाको बाँकी सम्पत्ति र व्यापारमाथि नियन्त्रण भएको पोस्ट भाइरल भएको छ । यो गलत हो भने सरकारले यसको खण्डन गर्नुपर्‍यो र गर्दैन भने यसलाई सत्य मानेर यही १८–२० घरानाको हातमा देशको आर्थिक शक्ति केन्द्रित रहेकोले सरकारका उद्योग–व्यापारका नीतिनियमहरू यिनीहरूको प्रभावमा निर्माण भइरहेको देख्न–बुझ्न सकिन्छ ।

त्यतिमात्र होइन, सरकारको विनियोजन पनि समान नभएकोले वाग्मतीमा धनाढ्य ३९ प्रतिशत, कोशीमा १६, गण्डकीमा १४, सुदूरपश्चिममा ७, मधेसमा ९ र कर्णालीमा ४ प्रतिशत मात्र रहेकोबाट पनि सरकारको विकास नीति सामाजिक न्यायको सिद्धान्तविपरीत रहेको देखिन्छ । संशोधन नै गर्नुछ भने लागू हुन नसकेका सङ्घीय ऐनहरूको निर्माण र कार्यान्वयनको सीमा तोक्ने संशोधन गरियोस् । र संविधानमैं सूचनाको नैसर्गिक अधिकारको रूपमा प्रत्येक राजनीतिक दल र एकल वा गठबन्धन सरकारले आफ्नो चुनावी घोषणापत्र वा गठबन्धन भए, साझा कार्यक्रममा उल्लिखित कार्यहरूमध्ये कति प्रतिशत पूरा गरेको हो, त्यसको विवरण आसन्न आम निर्वाचन अगाडिको घोषणापत्रमा उपलब्धिहरूको शीर्षकमा उल्लेख गर्नुपर्ने संशोधन गरेर चुनाव लड्न पाउने व्यवस्थाको लागि संशोधन होस् । यसबाट दल र सरकार दुवै जिम्मेवार बन्नेछन् । यसबाट राजनीतिज्ञले जे गरेपनि हुने अवस्था अन्त हुनेछ ।

# बढ्दो महिला हिंसा, हत्या र रोकथामका उपाय

विचार



शोभा अधिकारी

**महिला हिंसाविरुद्ध प्रविधिको प्रभावकारी प्रयोग हुन सक्छ । आपत्कालीन अवस्थामा महिलाहरूलाई मदत पुर्‍याउन र प्रहरी तथा अन्य सहायता सेवासम्म पुग्न सहज बनाउन मोबाइल एप, हेल्पलाइन र डिजिटल प्लेटफर्महरू सञ्चालन गर्न सकिन्छ ।**

समाजमा जीउ नै सिरिङ्ग हुने खालका महिला हिंसाका घटनाहरू बढिरहेका छन् । महिला हिंसा संवेदनशील र गम्भीर सामाजिक समस्या बनेको छ । नेपाललगायत विश्वभर नै डरलाग्दा महिला हिंसा र हत्याका घटना दिन प्रतिदिन वृद्धि भइरहेका छन् । यसले समाजको नैतिकता, कानूनी व्यवस्था र मानव अधिकारलाई चुनौती दिएको छ । यो समस्या सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक समस्याको परिणाम हो । घरेलु हिंसा, यौन हिंसा, दाइजोको कारण हत्या, मानव तस्करी, जबर्जस्ती विवाह तथा अन्य प्रकारका हिंसाहरूले महिलाको जीवनमा गहिरो प्रभाव पारेका छन् । विश्वभर नै महिला हिंसाका घटनाहरू विकराल बन्दै गइरहेका छन् । बलात्कार, हत्या, अपमान, घरेलु हिंसा र अन्य प्रकारका दुर्व्यवहारहरूले महिलाको जीवनमा प्रत्यक्ष असर पुर्‍याएको छ । महिला हिंसा रोक्न तत्काल कदम चालिएन भने यसले घर, समाज र राष्ट्रमा नै अझ भयावह रूप लिन सक्छ ।

महिला हिंसा र हत्याका घटनाहरू बढ्दै जानुका कारणहरू विभिन्न छन् । हाम्रो समाजमा अझै पनि पुरुषलाई महिलाभन्दा उच्च स्थानमा राख्ने पितृ सत्तात्मक सोच हावी छ । महिलालाई पुरुषभन्दा कमजोर, अधीनस्थ र नियन्त्रण गर्ने मानसिकताले महिला हिंसा बढेको छ । समाजमा महिलालाई सम्पत्ति वा वस्तुका रूपमा हेर्ने प्रवृत्तिले हिंसालाई मलजल गरेको छ । आर्थिकरूपमा आत्मनिर्भर नभएर पुरुषहरूमा निर्भर रहनुपर्दा र अशिक्षाको कारण महिलाहरूको सामाजिक र पारिवारिक स्थिति कमजोर हुन्छ । कमजोर आर्थिक स्थितिजन्य झैझगडा, बेमेल र द्वन्द्वका कारण पनि महिलाहरू माथि हिंसा हुने गर्दछ । ग्रामीण क्षेत्रमा अझै पनि महिलाहरू शिक्षाको पहुँचबाट वञ्चित छन् । उनीहरूमा आफ्नो हक, अधिकार र कर्तव्यको ज्ञान हुँदैन । यसले गर्दा हिंसा र दुर्व्यवहार सहनुपर्ने अवस्था छ ।

केही सांस्कृतिक परम्पराहरूले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेको छ । धेरै समाजमा महिलामाथि हुने हिंसालाई सामान्य र सहजरूपमा लिइन्छ र त्यसलाई परम्परा भनी मान्यता दिने गरिएको छ । पति–पत्नीको झगडा परालको आगो हो भनेर झैंझगडा, कुटपिट, अन्य अत्याचार महिलामाथि हुँदा पनि सामान्य मानिन्छ । यस्तो सामाजिक व्यवहारले पनि समस्यालाई अझ गम्भीर बनाएको छ । विशेषगरी दाइजो प्रथा, बोक्सी प्रथा र छाउपडीजस्ता कुप्रथाहरूका कारण पनि महिलाहरू माथि अन्याय, अत्याचार, अपमान, मानसिक तथा भावनात्मक यातना, कुटपिट, हिंसा र हत्याका घटनाहरू बढिरहेका छन् ।

अर्को प्रमुख कारण कानूनी कार्यान्वयनमा कमजोरी हो । कानूनहरू बनेका भए पनि ती कानूनको प्रभावकारी कार्यान्वयन नहुनु, दोषीलाई सजाय नहुनुले महिला हिंसालाई बढावा दिइरहेको छ । प्रहरी प्रशासनमा लैङ्गिक संवेदनशीलताको अभाव, राजनीतिक दबाब, शक्तिको दुरुपयोग आदिले पनि पीडित महिलाहरूले न्याय पाउन सकेका छैनन् । कतिपय ठाउँमा पीडितले न्याय पाउनुको साटो पीडकले छुट पाएको पाइन्छ । यसले गर्दा पीडितले झन् असुरक्षा महसूस गर्नुपरेको छ । क्रूररूपमा पशुसरह हत्या गरिएका घटनाहरू बाहिरिरहेका छन् । यस्ता घटनाहरूले महिलाहरूको मानसपटलमा थप डर, त्रास र भय सिर्जना गरेको छ ।

महिलामाथि हुने हिंसा र हत्याका घटना न्यूनीकरण र रोकथामका उपायहरू छिटोभन्दा छिटो अवलम्बन गर्नु आजको आवश्यकता हो । कानून बनेर मात्र पुग्दैन, महिला हिंसाविरुद्ध कानूनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ । महिलामाथि भएका सबै प्रकारका अपराधका दोषीहरूलाई कडा सजायको व्यवस्था गरी कानूनी कठघरामा उभ्याउनुपर्दछ । दोषी कुनै पनि रूपमा उम्कने वातावरण सिर्जना हुन दिनुहुँदैन । हिंसाका घटनाहरूमा छिटोछरितो कानूनी प्रक्रिया पूरा गरी पीडितलाई न्याय दिलाउन सबै पक्षबाट सहयोग र ध्यान दिनुपर्छ । पीडितले तुरुन्त न्याय पाउन सक्ने कानूनी सहायता र सुरक्षा प्रणाली सुनिश्चित गर्नुपर्दछ ।

महिला हिंसा रोक्नका लागि महिलाहरूलाई प्राथमिकता दिंदा उनीहरूले आफ्नो अधिकारको पहिचान गर्न सक्छन् । हिंसा, अन्याय, अत्याचारविरुद्ध लड्न सक्षम हुन्छन् । महिलालाई रोजगारका अवसर र सीपमूलक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नेपालको अर्थतन्त्रमा सुधारको सङ्केत –आइएमएफ

काठमाडौं, ८ असोज/रासस

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले नेपालको अर्थतन्त्रमा सुधारको प्रारम्भिक सङ्केत देखिए पनि अझै केही क्षेत्रमा सुधारको पहल आवश्यक रहेको जनाएको छ। आइएमएफको श्रीलङ्काका लागि आवासीय प्रतिनिधि सारवत जहाँको नेतृत्वमा यही सेप्टेम्बर ११ देखि २२ तारिखसम्म नेपाल भ्रमणमा रहेको आइएमएफ टोलीले उक्त भ्रमणबारे प्रेस विज्ञप्ति जारी गर्दै क्षेत्रगत सुधारका लागि नेपालले थप कदम चाल्नुपर्ने जनाएको छ।

यो भ्रमणाको मुख्य उद्देश्य आइएमएफले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (इसिएफ) कार्यक्रमको कार्यान्वयनको अवस्थाबारे समीक्षा र समष्टिगत आर्थिक स्थितिको जानकारी लिनुरहेको विज्ञप्तिमा उल्लेख छ । "नेपालको अर्थतन्त्रले पुनर्उत्थानको प्रारम्भिक सङ्केत देखाइरहेको छ । नयाँ तथ्याङ्कले आयातको वृद्धि सकारात्मक दिशामा प्रवेश गरिरहेको देखाएको छ । कर सङ्कलनमा सुधार भइरहेको छ र सार्वजनिक लगानी वृद्धि हुँदै गएको छ"–आइएमएफद्वारा जारी विज्ञप्तिमा भनिएको छ। कर्जा विस्तारमा सुधार भइरहेको, मुद्रास्फीति घटेको, विदेशी मुद्राको सञ्चिति बढेकोलगायत सुधारका सङ्केत देखिएको आइएमएफको भनाइ छ।

विदेशी मुद्रा सञ्चिति बढ्नुमा विप्रेषण आप्रवाह बढ्नु, पर्यटन क्षेत्र लयमा फर्कनु र वैदेशिक व्यापारमा आयातको अंश घट्नुलाई जिम्मेवार मानिएको छ । अर्थतन्त्र सुधारका शुरूआती सङ्केत देखिए पनि त्यसलाई गति दिन नेपालले अझै केही महत्त्वपूर्ण काम गर्नुपर्ने सुझाव आइएमएफले दिएको छ।

"सुदृढ र समावेशी आर्थिक विकासको बाटोमा अर्थतन्त्रलाई लैजान सुधारको गति तीव्र बनाउन आवश्यक छ । यसका लागि सार्वजनिक लगानी कार्यान्वयन सुदृढ गर्नु, आन्तरिक राजस्व सङ्कलन सशक्त बनाउनु र अनुदान वितरण प्रभावकारी तथा छरितो पार्न आवश्यक छ"–विज्ञप्तिमा भनिएको छ। नेपालमा इसिएफ कार्यान्वयनका लागि आइएमएफले राखेको एउटा महत्त्वपूर्ण शर्तमध्ये १० वटा ठूला वाणिज्य बैंकहरूको कर्जा 'पोर्टफोलिया' समीक्षा (क्रेडिट पोर्टफोलिया रिभ्यु–सिपिआर) पनि एउटा हो । नेपाल राष्ट्र बैंकले सिपिआर प्रक्रिया अघि बढाउन प्रस्ताव आह्वान गरे पनि आर्थिक तथा प्राविधिक मूल्याङ्कनपछि कुनै पनि कम्पनी योग्य नदेखिंदा यो प्रक्रिया रद्द भएको छ।

राष्ट्र बैंकले यो प्रक्रिया पुनः प्रस्ताव आह्वान प्रक्रिया अघि बढाएको छ । तर आइएमएफले भने ठूला बैंकहरूको 'सिपिआर' आवश्यक रहेको बताएको छ । "बैंकहरूले बढ्दो खराब कर्जा र पूँजी व्यवस्थापनमा समस्या भोगिरहेको अवस्थामा निरन्तर निगरानी आवश्यक छ। बैंक तथा वित्तीय संस्थाको नियमन अझ सुदृढ बनाउन र ठूला १० वाणिज्य बैंकको ऋण पोर्टफोलियोको समीक्षा पूरा गर्नु महत्त्वपूर्ण छ"–आइएमएफले विज्ञप्तिमा भनेको छ।

बचत र ऋण सहकारी संस्थामा रहेका समस्या समाधान गर्न प्राथमिकतामा राख्न आइएमएफले सुझाव दिएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन संशोधन हुनु सकारात्मक रहेको उल्लेख गर्दै आइएमएफले नेपाल राष्ट्र बैंक ऐनमा संशोधन, राष्ट्र बैंकको बाह्य लेखापरीक्षण, र सार्वजनिक संस्थानको पारदर्शिता बढाउन जोड दिएको छ । आइएमएफ, इसिएफको पाँचौं किस्ता निकासा गर्न समीक्षा–चरणमा छ।

आइएमएफ टोलीले, नेपालमा रहँदा, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा शिवराज अधिकारी तथा अन्य उच्चपदस्थ अधिकारी र राष्ट्र बैंकका अधिकारीसँग भेट र छलफल गरेको थियो । त्यस्तै निजी क्षेत्रका प्रतिनिधि र विकास साझेदारसँग पनि आइएमएफ टोलीले छलफल गरेको विज्ञप्तिमा उल्लेख छ।

# त्रिविविद्वारा एआई प्रयोगमा प्रतिबन्ध

काठमाडौं, ८ असोज/रासस

त्रिभुवन विश्वविद्यालय (त्रिविवि)ले विश्वविद्यालयद्वारा सञ्चालित जुनसुकै तहको परीक्षामा 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुने जनाएको छ । त्रिविवि परीक्षा सुधार समितिका अध्यक्ष एवं शिक्षाध्यक्ष प्राडा खड्क केसीको अध्यक्षतामा सोमवार भएको बैठकले सो निर्णय गरेको हो।

त्रिविविका शिक्षाध्यक्ष केसी प्रविधिको भर पर्दा विद्यार्थीमा पठन संस्कृति कमजोर हुने तथा चोर्ने प्रवृत्ति देखिएकाले परीक्षामा त्यस्ता प्रविधिको प्रयोगलाई निरुत्साहित गर्ने उद्देश्यका साथ विद्यार्थीलाई सूचित गरिएको बताउँछन्। एआईका कारण विद्यार्थीको मौलिकता र सिर्जनाशीलता कमजोर हुँदै गएको तथा पढ्ने संस्कृतिलाई निरुत्साहित गरेको त्रिविको बुझाइ छ।

"विद्यार्थीमा पढ्ने संस्कृति कमजोर भयो, परीक्षामा पढ्ने नभई चोर्ने प्रवृत्ति बढेको, पठनपाठन गर्ने विषयलाई प्रोत्साहित तथा प्रविधिको दुरुपयोगलाई दुरुत्साहित गर्ने उद्देश्यले विद्यार्थीलाई सचेत गराउने ढङ्गबाट सूचना जारी गरिएको हो," उनले भने।

त्रिविविका परीक्षामा मोबाइल, स्मार्टवाचलगायत विद्युतीय सामग्रीको प्रयोगमा पूर्णतः रोक लगाइएको भएपनि कतिपय परीक्षा केन्द्रमा परीक्षार्थीले प्रविधिको प्रयोग गरी चोरी गर्ने गरेको

(बाँकी पाँचौं पातामा)

# अनुमतिविना तेजाबको बिक्री र प्रयोगमा रोक

वीरगंज (पर्सा), ८ असोज/रासस

जिल्ला प्रशासन कार्यालयले अनुमतिविना तेजाब तथा अन्य घातक रासायनिक पदार्थको प्रयोग तथा बिक्री वितरणमा रोक लगाएको छ।

कार्यालयले सार्वजनिक सूचना जारी गरी प्रशासन कार्यालयबाट बिक्री तथा प्रयोग गर्ने अनुमति लिएर मात्र तेजाब तथा अन्य घातक रासायनिक पदार्थको बिक्री तथा प्रयोग गर्न अनुरोध गरेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी उत्तमकुमार घिमिरेले तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन ऐन, २०७९ को दफा ४ (ख) बमोजिम बिक्री वितरणका लागि प्रशासनबाट अनुमति लिएर मात्रै काम गर्न अनुरोध गरेका छन्।

"ऐनको दफा ११ (४) बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग गर्ने उद्योग, प्रयोगशाला, अनुसन्धान केन्द्र, शैक्षिक संस्था, कार्यशाला, धातुका गहना बनाउने वा अन्य कुनै यस्तै व्यावसायिक काम गर्ने फर्म, कम्पनी वा व्यक्तिले प्रयोग अनुमति लिई मात्र प्रयोग गर्नुपर्ने व्यवस्थाबमोजिम यस कार्यालयबाट बिक्री र प्रयोग अनुमति लिई कारोबार गर्नु/गराउनु हुन अनुरोध गरिन्छ," जारी सूचनामा भनिएको छ, "ऐनको बर्खिलाप हुनेगरी विनाअनुमति बिक्री वितरण गरेमा, प्रयोग गरेमा, प्रयोग अनुमतिको म्याद नाघेका फर्म, कम्पनी, व्यक्तिलाई कानूनबमोजिम कारबाई गरिनेछ।"



**जितिया पर्वमा प्रसाद चढाउँदैः** जितिया पर्व अन्तर्गत आज मङ्गलवार बिहान ४ बजेदेखि भोलि बुधवार साँझ सवा ५ बजेसम्म निर्जल निराहार व्रत बस्नु अघि जलेश्वर नगरपालिका–८ बजराही गाउँका व्रतालु महिलाहरू भगवान् जितुवाहनलाई आँगनमा घिरौलाको पातमा दही, चिउरा, सख्खर मिश्रित प्रसाद चढाउँदै। यही प्रसाद खाएर ३६ घण्टासम्म महिलाहरू जितिया व्रतको उपवास बस्ने गर्छन्। तस्बिर : सञ्जीतकुमार मण्डल/रासस



**विर्गुमखानी गाउँः** रूकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका–१३ स्थित विर्गुमखानी गाउँ र गाउँको बीचमा अवस्थित पोखरी। तस्बिरः सिर्जना कार्की/रासस

# सुक्खा बन्दरगाह भन्सारमा निर्धारित राजस्व सङ्कलन भएन

वीरगंज, पर्सा, ८ असोज/रासस

श्रीसियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को भदौसम्म रु आठ अर्ब ३९ करोड ४१ लाख १२ हजार राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले कार्यालयलाई भदौसम्म रु नौ अर्ब ९७ करोड ७९ लाख ६९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । कार्यालयले चालू आवको साउनमा रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार सङ्कलन गऱ्यो भने चालू आवकै भदौमा रु चार अर्ब ६४ करोड १९ लाख एक हजार मात्र राजस्व सङ्कलन गरेको छ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालू आवको दुई महीनामा राजस्व सङ्कलन उत्साहप्रद रहेको बताए। "साउनमा भन्सार विभागले दिएको लक्ष्यको ७९.२८ प्रतिशत राजस्व सङ्कलन भयो भने भदौमा पनि मासिक लक्ष्यको ८८.५० प्रतिशत सङ्कलन गरेका छौं"–उनले भने–"भदौमा चाडपर्व लक्षित आयात भएर लक्ष्य अनुसार राजस्व सङ्कलन गर्ने अपेक्षा भए पनि शतप्रतिशत सङ्कलन हुन सकेन।" भन्सार विभागले कार्यालयलाई रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य दिएको छ । कार्यालयले चालू आवको दुई महीनासम्मको अवधिमा कुल वार्षिक लक्ष्यको १३.९८ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

प्रमुख भन्सार अधिकृत बरुवालले दशैं र तिहारजस्ता चाडपर्व नजीकै आउन लागेकाले पनि विदेशी तयारी मदिराजन्य आयात बढेको बताए । कार्यालयले आव २०८०–८१ को भदौसम्ममा भने रु आठ अर्ब ६५ करोड २० लाख ५९ हजार राजस्व सङ्कलन गरेको थियो । त्यस्तै आव २०७९–८० को भदौसम्ममा रु सात अर्ब ६० लाख २२ लाख ३४ हजार राजस्व सङ्कलन गरेको थियो।

# ठोरी गाउँपालिकामा नयाँ कुष्ठरोगी भेटिएन

वीरगंज, ८ असोज/रासस

जिल्लामा आर्थिक वर्ष २०८०/८१ मा ११० जना नयाँ कुष्ठरोगी देखा परेका थिए। स्वास्थ्य कार्यालयका अनुसार सो आवमा जिल्लाका १३ पालिकामा ११० कुष्ठरोगी भेटिएका हुन्।

स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले पर्सामा ६५ पुरुष र ४५ महिलामा कुष्ठरोग भेटिएको जानकारी दिए।

"पर्साको १४ पालिकामध्ये तीन वर्षदेखि ठोरी गाउँपालिकामा एकजना पनि कुष्ठरोगको बिरामी भेटिएको छैन"–उनले भने–"अन्य पालिकामा भने छिटफुट कुष्ठरोगी छन्।"

वीरगंज महानगरपालिकामा सबैभन्दा धेरै ४१ कुष्ठरोगी भेटिएका छन्। जगरनाथपुर गाउँपालिका दोस्रो स्थानमा छ। सो पालिकामा १५ जनामा यो रोग देखिएको छ । यसैगरी विन्ध्यवासिनी गाउँपालिकामा १२ जना, छिपरमाई गाउँपालिकामा ९ जनामा कुष्ठरोग देखिएको छ।

कार्यालयका अनुसार जिल्लामा आव २०८०/८१ मा नयाँ कुष्ठरोगी बिरामी पत्ता लाग्ने दर प्रतिलाख १६.३ जना छ। त्यस्तै, आव २०८०/८१ मा नै कुष्ठरोगको प्रिवालेन्स दर प्रतिदश लाखमा १.६ जना छ। आव २०७९/८० मा नयाँ कुष्ठरोगी बिरामी पत्ता लाग्ने प्रतिएक लाखमा १७.१ जना छन्। त्यसैगरी आव २०७९–८० मा कुष्ठरोगको प्रिवालेन्स दर प्रतिदश लाखमा १.७४ जना छ। स्वास्थ्य कार्यालय प्रमुख डा साहले कार्यालयले कुष्ठरोग नियन्त्रणका लागि प्रभावकारी काम गर्दै आइरहेको बताए।

# फोहोर पानी प्रशोधन केन्द्रको काम समयमैं सम्पन्न गर्न निर्देशन

काठमाडौं, ८ असोज/रासस

खानेपानीमन्त्री प्रदीप यादवले ललितपुरको धोबीघाटस्थित फोहोर पानी प्रशोधन केन्द्र निर्माणस्थलको प्रगतिमा सन्तोष व्यक्त गर्दै परियोजना समयमैं सम्पन्न गरी सञ्चालनमा ल्याउन निर्देशन दिएका छन्।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत निर्माणाधीन फोहोर पानी प्रशोधन केन्द्रको मङ्गलवार स्थलगत निरीक्षण अनुगमनका क्रममा मन्त्री यादवले उक्त निर्देशन दिएका हुन् । काठमाडौं उपत्यकामा शहरीकरणसँगै बढ्दै गएको फोहोर पानीको व्यवस्थापनका लागि अत्यन्त महत्त्वपूर्ण परियोजना भएको उल्लेख गर्दै उनले परियोजना समयमैं सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्ने बताए।

"फोहोर पानी प्रशोधन केन्द्रहरूको प्रभावकारी सञ्चालनले काठमाडौं उपत्यकामा पानीको गुणस्तर सुधार र वातावरणीय स्वच्छता कायम गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ," उनले भने, "यस्ता परियोजनाले वातावरणीय प्रभाव न्यूनीकरण गर्दै जनस्वास्थ्यमा सुधार ल्याउनेछन्।"

परियोजना समयमैं सम्पन्न भए उपत्यकाका मुख्य नदीमा प्रवाह हुने फोहोर पानीको प्रभावकारी व्यवस्थापन हुनुका साथै स्वच्छता र स्वास्थ्यसम्बन्धी सेवामा दीर्घकालीन सुधार आउने मन्त्री यादवले अपेक्षा लिएका छन्। सोही क्रममा उनले मन्त्रालयले आवश्यक सम्पूर्ण सहयोग



तस्वीरः रासस

उपलब्ध गराउने प्रतिबद्धता जनाउँदै अनुगमनलाई उच्च प्राथमिकतामा राखेर परियोजनाहरूको समयमैं कार्यान्वयन सुनिश्चित गरिने बताए । सरकारले वातावरणीय संरक्षण र जनस्वास्थ्यको सुधारका लागि फोहोर पानी प्रशोधन केन्द्रहरूको निर्माणलाई निरन्तर प्राथमिकतामा राखेको मन्त्री यादवले जानकारी दिए।

उनले निर्माण कम्पनीलाई जिम्मेवारी निष्ठापूर्वक पालना गर्दै तोकिएको समय सीमाभित्र काम सम्पन्न गर्नसमेत निर्देशन दिए । मन्त्री यादवले धोबीघाटको निरीक्षण अनुगमनपश्चात् आजै बालकुमारी (कोड्कु)स्थित निर्माणाधीन फोहोर पानी प्रशोधन केन्द्रको पनि निरीक्षण तथा अनुगमन गरे।

उनले परियोजनाको प्रगति अवस्थाबारे जानकारी लिएपछि निर्माण कम्पनीलाई स्रोत साधन परिचालन गरी कामको गति तीव्र पार्न निर्देशन दिएका थिए। निरीक्षणकै क्रममा मन्त्री यादवले केन्द्रको हालको अवस्था, पानी प्रशोधन प्रणाली र बाँकी निर्माण कार्यको प्रगतिका बारेमा विस्तृत जानकारी लिएका थिए।

धोबीघाट र बालकुमारी (कोड्कु) फोहोर पानी प्रशोधन केन्द्रको निर्माण कार्य पूरा भएपछि यसले उपत्यकाका विभिन्न क्षेत्रका बासिन्दालाई स्वच्छ र सुरक्षित वातावरण प्रदान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। उक्त निरीक्षण अनुगमनमा खानेपानी मन्त्रालयका सचिव इ प्रमिलादेवी शाक्य बज्राचार्य, सहसचिव रमाकान्त दुवाडी, आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक टीकाबहादुर चौधरीलगायतको सहभागिता थियो।

# विशिष्टीकृत क्यान्सर उपचार सेवा सञ्चालन

शरद् शर्मा
काठमाडौं, ८ असोज/रासस

सानो भवन साँघुरो कोठामा खचाखच बिरामीलाई उपचार गराइरहेको दृश्य भक्तपुरको दूधपाटीस्थित भक्तपुर क्यान्सर अस्पतालमा देख्न सकिन्छ । साँघुरो ससाना कोठामा बिरामीलाई विशिष्टकृत सेवाप्रवाह गरिरहेको क्यान्सर अस्पतालको भने आफ्नो जग्गा छैन । आफ्नो जग्गा नभएकोले अत्याधुनिक भवनको अभावमा अस्पतालले बिरामीलाई क्यान्सरको गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ । अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उज्ज्वल चालिसेले भक्तपुर अस्पताल र भक्तपुर नगरपालिकाले उपलब्ध गराएको जग्गामा भवन बनाएर सेवा सञ्चालन गरिरहेको बताउँछन्। "भक्तपुर अस्पताल र भक्तपुर नगरपालिकाको जग्गामा हामीले भवन बनाएर सञ्चालन गरिरहेका छौं," उनले भने, "सरकारसँग जग्गा माग गरिरहेका छौं। तर पाएका छैनौं।"

उनले बिरामीलाई सस्तो र विशिष्टकृत सेवा दिइरहेको हुनाले सानोसानो साँघुरो कोठामा भएपनि उपचार कक्ष बनाएर सेवा दिने गरेको बताउँछन्। "अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको छ। आएका बिरामीको उपचार त गर्नु नै पर्‍यो। शौचालयसमेत फोडेर पनि उपचार कक्ष बनाएका छौं," उनले भने, "हामी सारै नै साँघुरो ठाउँमा अस्पताल सञ्चालन गरिरहेका छौं । सरकारले जग्गा उपलब्ध गराउन सक्ने हो भने अस्पताललाई अझ विशिष्टकृत बनाउन सकिन्छ ।" उनले सरकारले आफूलाई जग्गा उपलब्ध गराए सेवा विस्तार गरेर क्यान्सर रोगका जस्तोसुकै बिरामीको पनि उपचार स्वदेशमा गराउन सकिने बताए। नेपाल अर्बुद रोग निवारण संस्थाले दुई शय्याबाट शुरू भएको अस्पताल अहिले सरकारी स्वामित्वमा १३० शय्यामा सञ्चालनमा रहेको छ । संस्थाबाट अस्पताल २०७७ सालमा सरकारले विकास समिति गठन आदेश गरेर सरकारको नाममा ल्याएको हो।

क्यान्सरका सरकारका तीनवटा अस्पतालमध्ये काठमाडौं उपत्यकामा रहेको भक्तपुर अस्पतालमा क्यान्सरका बिरामीको चाप धेरै नै हुने गरेको छ। चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल पनि सरकारी अस्पताल हुन् । तर तीमध्ये काठमाडौं उपत्यकामा रहेको भक्तपुर क्यान्सर अस्पताल बिरामीको पहिलो रोजाइ बनेको छ। काठमाडौं आइसकेपछि उपचारका अन्य विकल्प पनि हुने भएकाले बिरामी चितवन र बाँक्को सट्टा भक्तपुर नै आउने गरेका छन् । बिरामीको उपचारलाई



तस्वीरः रासस

ध्यानमा दिएर अस्पतालले हालै मात्र नयाँ अत्याधुनिक सिटी स्क्यान मेशीन, रेडियोथेरापी मेशीन, मोडुलेटर शल्यक्रिया कक्ष थपेको छ। नयाँ २५६ स्लाइस क्षमताको अत्याधुनिक सिटी स्क्यान मेशीनले क्यान्सर कहाँ देखिएको छ भनेर सानासाना ठाउँ पनि पत्ता लगाउने गर्छ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा चालिसेले नयाँ सिटी स्क्यान मेशीन सञ्चालनमा आएसँगै बिरामीलाई सिटी स्क्यान गर्न अयन्त्र जानु नपरेको बताउँछन् । अस्पतालसँग पहिले १६ स्लाइसको सिटी स्क्यान मेशीन रहेको थियो। "पहिलो एउटा सानो सिटी स्क्यान बिरामीलाई पर्याप्त सेवा दिन सकेका थिएनौं," उनले भने, "अहिले नयाँ सिटी स्क्यान आइसकेपछि बिरामीलाई दैनिक ३० देखि ३५ जनाको सिटी स्क्यान गर्न सक्ने भएका छौं।"

**टिकट लिंदा नै चिकित्सक भेट्ने समय निश्चित**

अस्पतालले बिरामीको समयलाई मध्यनजर गर्दै बहिरङ्ग सेवामा चिकित्सकको जाँच गराउनका लागि निश्चित समय निर्धारण गरिएको छ। टिकटमा नै कति बजे चिकित्सकलाई भेट्ने भनेर समय तोकिएको हुन्छ । "अहिले पनि बहिरङ्ग सेवा लिन आएका बिरामी टिकट लिएको आधा घण्टाभित्र चिकित्सकलाई देखाउन पाउँछन्," उनले भने । अब निश्चित समय तोकेर बिरामीलाई बढीमा १० मिनेट मात्र कुर्ने गरी समय व्यवस्थापन गरिएको अस्पतालले जनाएको छ । अस्पतालले अनलाइन टिकट र परीक्षणको भुक्तानी क्यूआरमार्फत तिर्ने व्यवस्था गरेको छ।

**रेडियोथेरापी र शल्यक्रियाका लागि पालो कुर्नुपर्दैन**

अस्पतालले नयाँ रेडियोथेरापी उपकरण जडान गरेसँगै बिरामीले क्यान्सरको उपचार गर्नका लागि पालो कुर्नुपर्ने समस्या पनि हटेको छ । अस्पतालका कार्यकारी निर्देशक डा चालिसेले रेडियोथेरापीका लागि क्यान्सरका बिरामीले लामो समयसम्म पालो पर्खनु नपर्ने बताउँछन् । "पहिले एउटा रेडियोथेरापी मेशीनले बिरामीले दुई महीनासम्म पालो कुर्नुपर्थ्यो," उनले भने, "तर अहिले नयाँ रेडियोथेरापी मेशीन आएपछि दैनिक बिरामीको रेडियोथेरापी गर्न सक्ने भएका छौं ।" रेडियोथेरापीले क्यान्सरका कणलाई मार्ने गर्छ।

यस्तै, अस्पतालले अध्याधुनिक शल्यक्रिया कक्ष सञ्चालनमा ल्याएको छ। अस्पतालका निर्देशक डा चालिसेले थप दुईवटा मोडुलेटर शल्यक्रिया कक्ष निर्माण गरिएको बताए । "शल्यक्रिया कक्ष नहुँदा बिरामीको समयमा नै क्यान्सरको शल्यक्रिया गरेर उपचार गर्न सकिएको थिएन," उनले भने, "अब पाँचवटा मोडुलेटर शल्यक्रिया कक्ष भएपछि बिरामीले शल्यक्रियाका लागि पालो कुर्नुपर्दैन।" उनका अनुसार पहिले एक/डेढ महीना शल्यक्रियाका लागि पालो कुर्नुपर्ने अवस्था थियो। उनले अब ढिलामा एक हप्ताभित्र बिरामीको शल्यक्रिया गरिन्छ।

**शल्यक्रिया गर्दा नै क्यान्सर पत्ता लगाउने विधि**

अस्पतालमा शल्यक्रिया गर्दा नै क्यान्सरको आशङ्का गरिएमा तुरुन्तै परीक्षण गर्ने विधिसमेत रहेको छ । कार्यकारी निर्देशक डा चालिसले शल्यक्रिया गर्दा क्यान्सरको आशङ्का गरिएको ठाउँको क्यान्सर परीक्षण गर्नका लागि फ्रोजोन सेक्सन उपकरणबाट गरिने बताए । "सिटी स्क्यानले सबै क्यान्सर पत्ता लगाउन सक्दैन । सिटी स्क्यानमा देखिएको मासु क्यान्सर हो कि होइन भन्ने कुरा थाहा हुँदैन," उनले भने, "शल्यक्रिया गर्दागर्दै क्यान्सर कहाँसम्म फैलिएको छ भन्ने कुराको जानकारी फ्रोजोन सेक्सनले दिन्छ। फ्रोजोन सेक्सनले परीक्षणबाट क्यान्सर कहाँसम्म फैलिएको भन्ने थाहा हुन्छ र सोही अनुसार क्यान्सरको उपचार गरिन्छ।" यो प्रविधि भक्तपुर क्यान्सर अस्पतालमा मात्र रहेको छ।

निजी अस्पतालभन्दा भक्तपुर क्यान्सर अस्पतालमा करीब चार गुणा सस्तोमा बिरामीको उपचार हुने गरेको अस्पतालको दाबी छ । अस्पतालका कार्यकारी निर्देशक डा चासिलेका अनुसार स्तन क्यान्सरको उपचार बाहिर निजी अस्पतालमा गर्दा करीब पाँच लाख लाग्ने गरेकामा भक्तपुर क्यान्सर अस्पतालमा गर्दा एक लाख रुपियाँसम्म लाग्ने गर्छ।

यस्तै, रेडियोथेपारी बाहिर निजी अस्पताल गराउँदा पाँच लाख रुपियाँसम्म लाग्ने गरेकामा अस्पतालमा भने एकदेखि डेढ लाखमा गरिन्छ। अस्पतालका लागि एमआरआई, रगत क्यान्सर रोगको उपचारका लागि बोन म्यारो प्रत्यारोपण जस्ता सेवा थप्न सके बिरामीलाई अझ उपचार दिन सकिने उनको भनाइ छ।

**कर्मचारीको वृत्ति विकास बढ्ने**

सरकारले हालै अस्पताल विकास समिति गठन आदेश २०७७ मा संशोधन गरेपछि त्यहाँ रहेका कर्मचारीको वृत्ति विकास बढ्ने भएको छ। नेपाल अर्बुद रोग निवारण संस्थाबाट सरकारले आफैं सञ्चालन गरेको अस्पतालका तीन सय बढी कर्मचारी संशोधन अभावमा नियमावली बन्न नसक्दा वृत्ति विकासबाट वञ्चित हुँदै आएका थिए । सरकारले अस्पतालको स्वामित्व ग्रहण गर्नु अघि स्थायी कर्मचारीलाई २०७७ को गठन आदेशले करारमा राख्ने व्यवस्था गरेको थियो। पहिले स्थायी रहेर पनि करारमा परिणत भएका कर्मचारी अब स्थायी हुनेछन् । साथै अब नयाँ नियमावली अनुसार नयाँ करार कर्मचारीलाई लोकसेवामार्फत स्थायी हुने बाटोसमेत खुलेको छ।

अस्पतालमा दैनिक पाँच सयजना उपचारमा आउने गर्छन्। गत आर्थिक वर्षमा ९५ हजार ५०४ जनाको उपचार गरिएको थियो। तीमध्ये दुई हजार ५०५ जनाको शल्यक्रिया गरेर र एक हजार ४० जनाको रेडियोथेरापी विधिबाट क्यान्सरको उपचार गरिएको थियो । कार्यकारी निर्देशक डा चालिसेले जग्गा, विशेषज्ञ चिकित्सक र शय्याको अभावको कारणले अस्पतालको क्षमता बढाउन नसकिएको बताए । सरकारले अस्पताललाई जग्गा उपलब्ध गराए तीन

(बाँकी पाँचौं पातामा)



**स्यार्पु तालः** रूकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नं ३ र ५ मा पर्ने पर्यटकीयस्थल स्यार्पु ताल। यहाँ असार महीनादेखि असोज महीनासम्म आन्तरिक पर्यटकहरूको चहलपहल बढ्ने गर्छ। तस्बिरः बलबहादुर ओली (बलेन्द्र)/रासस

## फरक समाचार

# भारतमा मङ्कीपक्सको नयाँ रूप भेटियो

भारतमा मङ्कीपक्सको क्लेड १ बीको पहिलो मामिला देखिएको छ, जुन विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)द्वारा पब्लिक हेल्थ इमर्जेन्सी घोषित गरेको स्ट्रेनसँग सम्बन्धित छ। यो घटना केरलाको मलाप्पुरम जिल्लामा भेटिएको हो। रिपोर्ट अनुसार यसबाट सङ्क्रमित बिरामी ३८ वर्षीय पुरुष हुन, उनी हालै संयुक्त अरब इमिरेट्स (युएई) बाट फर्केका थिए । हाल बिरामीको अवस्था स्थिर रहेको बताइएको छ।




एमपक्स एउटा भाइरल जुनोटिक रोग हो, सङ्क्रमित छालाको घाउ वा सङ्क्रमित कपडा र ओछ्यानमार्फत फैलिन्छ । यो रोग जनावरबाट मानिसमा र मानिसको प्रत्यक्ष सम्पर्कबाट सर्छ। डब्लुएचओले यसलाई सार्वजनिक स्वास्थ्य–आपत्कालको रूपमा दुईपटक घोषणा गरेको छ। पहिलो, जुलाई २०२२ मा र दोस्रो अगस्त २०२४ मा, जब मामिलाहरूको सङ्ख्या विश्वव्यापीरूपमा बढ्न थाल्यो।

भारतमा पहिलोपटक यो भाइरसको क्लेड १ बी स्ट्रेन भेटिएको छ, जसका कारण यो चिन्ताको विषय बनेको छ। यस अघि दिल्लीमा क्लेड २ स्ट्रेनको एउटा मामिला रिपोर्ट गरिएको थियो, जुन डब्ल्यूएचओको आपतकालीन चेतावनीमा आएको थिएन।

**लक्षण :** एमपक्सका लक्षण सङ्क्रमण भएको १४ दिनभित्र शुरू हुन सक्छ। प्रारम्भिक लक्षणहरूमा ज्वरो, टाउको दुख्ने, थकान र घाँटी वा काखमा लिम्फ नोडहरू सुन्निने गर्छ । यी प्रारम्भिक लक्षणहरू सामान्यतया एकदेखि चार दिनसम्म रहन्छ, त्यसपछि छालामा दाग र घाउहरू हुन्छ। छालाको घाउ देखेर प्रायः चिकनपक्सको भ्रम हुन सक्छ, तर एमपक्समा यी घाउहरू प्रायः अनुहार, हात, खुट्टा र छातीमा देखा पर्दछ। विशेष कुरा के हो भने एम्पक्सको घाउ हात, खुट्टामा पनि हुन सक्छ, जबकि चिकेनपक्समा यस्तो कम हुन्छ। गम्भीर अवस्थामा यी घाउहरू गोप्य अङ्ग वरिपरि पनि हुन सक्छ, साथै कमरमा लिम्फ नोडहरूको पीडादायी सूजन पनि हुन सक्छ। यसबाहेक मुखमा अल्सर र आँखाको सूजनको दुर्लभ घटनाहरू पनि हुन सक्छ।

**कसरी रोक्ने ?**

एमपक्स विश्वव्यापी फैलावटका कारण, स्वास्थ्य विशेषज्ञहरूले यो रोगबाट बच्न सावधान रहन सल्लाह दिएका छन् । यो भाइरस मुख्यतया छालाको सम्पर्कबाट फैलिन्छ। त्यसैले एमपक्स लक्षणहरू देखिएका व्यक्तिसँग नजीक वा यौन सम्पर्कबाट टाढा रहनुपर्छ । यसबाहेक व्यक्तिगत सामानहरू जस्तै लुगा, ओछ्यान वा बिरामीहरूको अन्य चीजहरू छोइछाइ नगर्न सल्लाह दिइएको छ। स्वास्थ्य विज्ञहरूले सङ्क्रमित व्यक्तिलाई जतिसक्दो चाँडो अलग्गै राखेर उपचार गर्न पनि सुझाव दिएका छन्। सङ्क्रमित व्यक्तिको नजीक बस्ने व्यक्तिलाई पनि सङ्क्रमणबाट बच्न सावधानी रहन भनिएको छ। मास्क लगाउनु र नियमित साबुन वा स्यानिटाइजरले हात सफा गर्नु सङ्क्रमणबाट बच्ने महत्त्वपूर्ण उपायहरू हुन्।

**भारतको तयारी र अवस्था :** बढ्दो मामिलालाई ध्यानमा राख्दै केन्द्रीय स्वास्थ्य मन्त्रालयले सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई सावधान रहन र सम्भावित एमपक्सको मामिलाहरूको अनुसन्धान र परीक्षणलाई तीव्र पार्न निर्देशन दिएको छ। यसका साथै कुनै पनि आपत्कालीन अवस्थाको सामना गर्नका लागि आवश्यक स्रोतसाधन तयार गरी अस्पतालमा चिकित्सकलाई सचेत गराइएको छ।

# यस्ता व्यक्तिसँग विवाह नगरौं

विवाह कुनै पनि व्यक्तिको लागि महत्त्वपूर्ण निर्णय हुन्छ। यो दुई व्यक्तिको मिलन मात्र होइन, तिनीहरूको परिवारको मिलन पनि हो। यससँगै नयाँ जिम्मेवारी पनि शुरू हुन्छ । धेरैपटक हतारमा वा पारिवारिक दबाबमा मानिसले त्यस्ता व्यक्तिसँग विवाह गर्छन् जसको स्वभाव समस्याको कारण बन्न पुग्छ । नराम्रो स्वभाव भएका मानिससँग विवाह गर्दा कसैको जीवन बर्बाद हुने खतरा हुन्छ।



**क्रोधित र आक्रामक स्वभाव भएका व्यक्ति :** क्रोध हरेक व्यक्तिको स्वभावको एउटा भाग हुन सक्छ, तर यदि सो व्यक्ति अत्यधिक क्रोधित र आक्रामक छ भने त्यस्तासँग जीवन बिताउन गाह्रो हुन सक्छ । यस्ता मानिसहरू ससाना कुरामा रिसाउने मात्र होइन, आक्रामक व्यवहार पनि देखाउन सक्छन्। यस्तो अवस्थाले तनाव मात्र बढाउँदैन, सम्बन्धमा असुरक्षा र डरको वातावरण पनि सिर्जना गर्न सक्छ, किनभने त्यस्ता व्यक्तिले हिंसा पनि गर्न सक्छन् ।

**अत्यधिक नियन्त्रण गर्ने प्रकृतिः** सम्बन्ध जोगाउन वा कठिनाइबाट जोगाउन हलुका नियन्त्रण गर्ने स्वभाव नराम्रो होइन, किनकि यो केयरिङ वर्गमा आउँछ, तर यदि तपाईंको जीवनसाथीले हरेक साना–ठूला निर्णयमा अत्यधिक नियन्त्रण राख्न चाहन्छ र यसका लागि तपाईंलाई अप्ठ्यारो पार्छ भने यो एउटा सङ्केत हो कि तपाईंको सम्बन्धमा स्वतन्त्रताको कमी हुन सक्छ । यस्ता व्यक्तिहरू प्रायः आफ्नै विचारहरू सही छन् भनी विश्वास गर्छन् र अरूको भावना र इच्छाको बेवास्ता गर्छन्। यसले भविष्यमा मानसिक र भावनात्मक तनाव निम्त्याउँछ । त्यसैले बिहे अघि नै यस्तो स्वभाव देख्नुभयो भने त्यस्ता व्यक्तिबाट टाढै बस्नुहोस्।

**नकारात्मक सोच भएको व्यक्तिः** वैवाहिक जीवन होस् वा करियर, कुनै पनि व्यक्ति नकारात्मक सोचले अगाडि बढ्न सक्दैन। सफलताको लागि सकारात्मक विचार आवश्यक छ। नकरात्मक सोच भएको मान्छे तपाईंको जीवन साथी बन्यो भने जीवन नर्क बन्न सक्छ ।

**धोखेबाजः** विश्वास कुनै पनि सम्बन्धको आधार हो। यदि तपाईंको पार्टनर अविश्वासयोग्य वा छली छ भने यसले सम्बन्धलाई कमजोर बनाउँछ। त्यस्ता व्यक्तिले प्रायः झूटो बोल्छ वा आफ्नो जिम्मेवारीबाट भाग्छ, जुन तपाईंको भविष्यको लागि खतरनाक साबित हुन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# हिजबुल्लाह गढमा इजरायली आक्रमण : ४९२ को मृत्यु

बेरुत (लेबनान), ८ असोज/एएफपी

लेबनानको स्वास्थ्य मन्त्रालयका



इजरायलको आक्रमणपछि लेबनानी शहरमा धूवाँको मुस्लो उड्दै। तस्वीरः एजेन्सी

अनुसार सोमवार भएको इजरायली आक्रमणमा लेबनानमा ३५ बालबालिकासहित कम्तीमा ४९२ जनाको मृत्यु भएको छ। यो अक्टोबर ७ मा गाजामा युद्ध शुरू भएयता सीमापार हिंसाको सबैभन्दा घातक दिन थियो।

अरब मुलुकहरूले करीब एक वर्षयता नजानिंदो किसिमले तीव्र भएको हिजबुल्लाहसँगको शत्रुताका लागि इजरायलको कडा निन्दा गरेका छन्।

हमास र प्यालेस्टिनी लडाकूहरूले हिजबुल्लाह र इरान समर्थित अन्य समूह समेटेर इजरायलमाथि अक्टोबर ७ मा आक्रमण गरेपछि युद्ध शुरू भएको हो।

इजरायलले दक्षिण–पूर्वी लेबनानका करीब १६०० स्थानमा आक्रमण गर्दा 'ठूलो सङ्ख्यामा' हिजबुल्लाहका लडाकूहरू मारिएको बताएको छ। यसमा बेरुतमा 'लक्षित आक्रमण' पनि समावेश थियो। इजरायली सेनाले यसलाई 'अपरेशन नर्दन एरो' भनेको थियो।

हिजबुल्लाहले उसको तेस्रो वरीयताको कमान्डर अली कराके जीवित रहेको बताएको छ। स्रोतका अनुसार राजधानीमा भएको आक्रमणले उनलाई लक्षित गरेको बताएपछि सुरक्षित स्थानमा गएका छन्।

सरकारी सञ्चारमाध्यमले पूर्वी लेबनानामा नयाँ आक्रमणको खबर दिएपछि हिजबुल्लाहले मङ्गलवार बिहान इजरायली सैन्य ठेगानाहरूमा 'मिसाइलहरूको वर्षा' गरेको बतायो।

इजरायलको तटीय शहर हाइफामा सोमवार हवाई आक्रमणको साइरन बज्दा मानिसहरू आश्रयस्थलतर्फ दौडिरहेको देखिएका थिए।

लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३५ बालबालिका र ५८ महिलासहित ४९२ जनाको मृत्यु भएको र १,६४५ जना घाइते भएको जानकारी दिएको छ। स्वास्थ्यमन्त्री फिरास अबियादले 'हजारौं परिवार' विस्थापित भएको बताए।

पूर्वी लेबनानको प्राचीन शहर बाल्बेकनजीकै भएका विस्फोटहरूले आकाशमा धूवाँको मुस्लो उडाएको थियो।

**हिजबुल्लाहका लागि कठिन साता**

इजरायलको गाजासँगको हिंसा दक्षिणी सीमाबाट लेबनानसँगको उत्तरी सीमातर्फ सरेपछि विश्वका शक्तिशाली मुलुकहरूले इजरायल र हिजबुल्लाहलाई पूर्ण युद्धको अवस्थाबाट पछि हट्न आग्रह गरेका छन्।

फ्रान्स र इजिप्टले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई हस्तक्षेप गर्न आह्वान गरेका छन् भने इराकले न्यूयोर्कमा राष्ट्रसङ्घीय महासभा बैठक भइरहेका बेला अरब मुलुकहरूको बैठक तत्काल बोलाउन अनुरोध गरेको छ।

इजरायलका सेनाप्रमुख हेर्जी हालेभीले आक्रमणहरूले हिजबुल्लाहले दुई दशकदेखि निर्माण गर्दै आएको लडाकू पूर्वाधारमाथि प्रहार गरेको बताए।

इजरायली रक्षामन्त्री योभ ग्यालेन्टले सोमवारको अभियानलाई 'महत्त्वपूर्ण शिखर' भनेका छन्। "यो हिजबुल्लाहको स्थापनादेखि नै सबैभन्दा कठिन साता हो– परिणामले आफैं बताइरहेको छ"– उनले भने–"साताको शुरूमा गरिएका गतिविधिहरूको परिणामस्वरूप धेरै आतङ्कवादी घाइते हुँदा सम्पूर्ण एकाइ युद्धबाट बाहिरियो।"

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलले उत्तरमा 'सुरक्षा सन्तुलन' परिवर्तन गर्न काम गरिरहेको बताए। रासस

# विश्वव्यापी विभाजन, तीन युद्ध र सम्भावित मध्यपूर्व सङ्घर्षको छायामा विश्व नेताहरू भेला हुँदै

संयुक्त राष्ट्रसङ्घ, ८ असोज/एपी

बढ्दो वैश्विक विभाजन, गाजा, युक्रेन र सुडानमा भइरहेका ठूला युद्धहरू र मध्यपूर्वमा अझ ठूला द्वन्द्वको खतराको छायामा विश्व नेताहरूले मङ्गलवार संयुक्त राष्ट्रसङ्घको महासभामा आफ्नो वार्षिक बैठक शुरू गर्दैछन्।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आइतवारको 'भविष्यको शिखर सम्मेलन' मा राष्ट्रपति, प्रधानमन्त्री, राजा र मन्त्रीहरूलाई आफ्नो प्रारम्भिक 'स्टेट अफ द वर्ल्ड' भाषणको पूर्वावलोकन गर्दै भने–"हाम्रो संसार लिकबाट हटिरहेको छ र हामीलाई पुनः लिकमा फर्कन कठोर निर्णय गर्नुपर्ने आवश्यकता छ।"

उनले 'मध्यपूर्वदेखि युक्रेन र सुडानसम्म भड्किरहेका र बढ्दै गएका द्वन्द्वहरूको अन्त्य देखिंदैन' भने। उनले विश्वव्यापी सुरक्षा प्रणाली 'भूराजनीतिक विभाजन, आणविक शक्ति प्रदर्शन तथा नयाँ हतियार र युद्धका मैदानहरूको वृद्धिले धम्की' मा परेको बताए।

महासचिव गुटेरेसले असमानता, उदीयमान अस्तित्वको खतरामा प्रतिक्रिया दिन प्रभावकारी विश्वव्यापी प्रणालीको अभाव र जलवायु परिवर्तनको विनाशकारी प्रभावबारे पनि चर्चा गरे।

मङ्गलवार उद्घाटन हुने महासभाको उल्लेखनीय क्षणमा अमेरिकी राष्ट्रपति जो बाइडेनको सम्भवतः विश्व मञ्चमा अन्तिम प्रमुख उपस्थिति हुनेछ।

राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस–ग्रीनफिल्डले गत साता पत्रकारहरूलाई करीब दुई अर्ब मानिस द्वन्द्व प्रभावित क्षेत्रमा बसोवास गर्दै आएको भन्दै महासभामा अमेरिकाको ध्यान 'युद्ध सङ्कट' अन्त्य गर्न केन्द्रित हुनुपर्ने बताए।

तर उनले भने–"विश्वभरका सबैभन्दा कमजोर मानिसहरू हामीले प्रगति गर्ने, परिवर्तन ल्याउने र उनीहरूका लागि आशाको भावना ल्याउने कुरामा भरोसा गरिरहेका छन्।"

उद्घाटनको दिन अन्य वक्ताहरूमा ब्रजीलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान, जोर्डनका राजा अब्दुल्लाह द्वितीय र इरानका नयाँ राष्ट्रपति मसुद पेजेस्कियान छन्।

इरानी राष्ट्रपति पेजेस्कियानले सोमवार इजरायलमाथि मध्यपूर्वमा व्यापक युद्ध खोज्न र आफ्नो मुलुकलाई विस्तृत द्वन्द्वमा लैजान 'जाल' थापेको आरोप लगाए। उनले इजरायललाई दोष दिंदै गत साता लेबनानमा पेजर, वाकीटाकी र अन्य विद्युतीय उपकरणहरूको घातक विस्फोटतर्फ सङ्केत गरे। साथै उनले आफ्नो सपथ ग्रहणको केही घण्टापछि जुलाई ३१ मा तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्यातर्फ पनि सङ्केत गरे।

उनले भने–"हामी लड्न चाहन्नौं, इजरायलले सबैलाई युद्धमा तान्न र यस क्षेत्रलाई अस्थिर बनाउन चाहन्छ, उनीहरू हामीले नचाहेको विन्दुमा हामीलाई तानिरहेका छन्।" इरान गाजामा हमास र लेबनानका हिजबुल्लाह लडाकूहरू दुवैलाई समर्थन गर्दछ।

अन्तर्राष्ट्रिय उद्धार समितिका अध्यक्ष डेभिड मिलिबान्डले संयुक्त राष्ट्रसङ्घ स्थापना भएको सन् १९४५ मा सान फ्रान्सिस्कोमा आयोजित सम्मेलनलाई सम्झे।

तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले प्रतिनिधिहरूलाई 'शक्ति नै अधिकार हो' भन्ने मान्यता अस्वीकार गर्न र त्यसलाई उल्टाएर 'अधिकार नै शक्ति हो' बनाउन आग्रह गरेका थिए र यसलाई राष्ट्रसङ्घको बडापत्रमा समावेश गरिएको थियो।

मिलिबान्डले भने–"करीब ८० वर्षपछि हामीले यो समीकरण उल्टाउन नसक्दाको भयानक परिणाम देखेका छौं। गाजा, सुडान र युक्रेनजस्ता सन्दर्भहरूमा शक्तिले नै अधिकार बनाइरहेको छ।"

बढ्दो वैश्विक मानवीय आवश्यकता, अनियन्त्रित द्वन्द्व, अनियन्त्रित जलवायु परिवर्तन र बढ्दो चरम गरीबीको सामना गर्दै मिलिबान्डले विश्व नेताहरूलाई चुनौती दिंदै प्रश्न गरे–"आगामी ८० वर्षका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्तहरू तपाईंहरू आफू कमजोर नभई कसरी बलियो बनाउनुहुन्छ?"

दुई दिवसीय 'भविष्यको शिखर सम्मेलन' पछि आयोजना भएको महासभाको वार्षिक बैठक सेप्टेम्बर ३० मा समाप्त हुन्छ। 'भविष्यको शिखर सम्मेलन' ले विश्वका बढ्दो विभाजित मुलुकहरूलाई २१औं शताब्दीका द्वन्द्वदेखि जलवायु परिवर्तन, कृत्रिम बौद्धिकता (एआई) र महिला अधिकारसम्मका चुनौतीहरूको सामना गर्न एकजुट गर्ने लक्ष्यसहितको खाका कोरेको थियो।

बयालीस पृष्ठको 'भविष्यका लागि सम्झौता' ले राष्ट्रसङ्घका १९३ सदस्य मुलुकका नेताहरूलाई आफ्ना प्रतिज्ञा वास्तविक काममा परिणत गर्न चुनौती दिन्छ। यसले विश्वका आठ अर्बभन्दा बढी मानिसको जीवनमा परिवर्तन ल्याउँछ।

"हामी बहुपक्षवादलाई विनाशको किनारबाट फर्काउन यहाँ भेला भएका छौं"–महासचिव गुटेरेसले भने। उनले सम्झौता ग्रहण गरेर नेताहरूले ढोका खोलेको बताए। "अब यसमार्फत हिंड्नु हाम्रो साझा नियति हो, यसले सहमतिको मात्र नभई कामको पनि माग गर्दछ।"

गत वर्षको राष्ट्रसङ्घीय वैश्विक भेलामा युक्रेन र त्यसका राष्ट्रपति भोलोदिमर जेलेन्स्की केन्द्रीय स्थानमा थिए। तर अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको घातक आक्रमणको पहिलो वार्षिकोत्सव नजीकिंदै गर्दा गाजामा भइरहेको युद्ध र इजरायल–लेबनान सीमामा बढ्दो हिंसामा ध्यान केन्द्रित हुने निश्चित छ। हिंसा अहिले पूरै मध्यपूर्वमा फैलिने खतरामा छ।

प्यालेस्टिनी राष्ट्रपति मोहम्मद अब्बासले बिहीवार बिहान र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बिहीवार अपराह्न बोल्ने कार्यक्रम छ। रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, ८ असोज/रासस

धितोपत्र बजारमा मङ्गलवार शेयर कारोबार मापक नेप्से परिसूचक झन्डै ५९ अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५८ दशमलव ९३ अङ्कले ओरालो लागेर दुई हजार ४७० दशमलव ३९ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने 'सेन्सेटिभ' परिसूचक नौ दशमलव ५२ अङ्कले ओरालो लागेर ४४४ दशमलव ८८ मा सीमित भएको छ। कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। कुल एक करोड ५५ लाख चार हजार ९२९ कित्ता शेयर रु पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार ३५६ मूल्यमा खरीद–बिक्री भएका छन्।

नेप्सेका अनुसार स्वरोजगार लघुवित्त आठ दशमलव ८१, अप्पर स्याङ्गे हाइड्रोपावर सात दशमलव ८३, एनआइबिएल ग्रोथ फन्ड चार दशमलव ८५, इनर्वा हाइड्रोपावर चार दशमलव १४ र नबिल ब्यालेन्स फन्ड तेस्रोका लगानीकर्ताले चार दशमलव शून्य आठ प्रतिशतले कमाएका छन्।

हिमालयन हाइड्रोपावर १०, नेपाल फाइनान्स आठ दशमलव ७४, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव ९६, श्वेतगङ्गा हाइड्रोपावर सात दशमलव ६२ र एनआइसी एशिया फ्लेक्सी क्याप फन्डका लगानीकर्ताले सात दशमलव ५५ प्रतिशतले गुमाएका छन्।

## विशिष्टीकृत ...

सय शय्याको सञ्चालन गर्ने तयारी रहेको छ।

समयमा नै उपचार गरे निको हुन्छ।

क्यान्सर रोग विशेषज्ञसमेत रहेका डा चालिसेले समयमा नै क्यान्सर पहिचान गर्न सके निको हुने बताए। उनका अनुसार क्यान्सरका चार चरण (स्टेज)मध्ये शून्यदेखि तीन स्टेजसम्मको क्यान्सर केही हदसम्म निको पार्न सकिने बताए। अस्पतालमा आएका धेरै बिरामी निको भएर घर फर्किएको अस्पतालको दाबी रहेको छ। पहिलो चरणमा बिरामीले क्यान्सर भएको थाहा पाएमा ९० प्रतिशत निको हुने, दोस्रो चरणमा ७० प्रतिशत र तेस्रो चरणमा प्रवेश गरेको क्यान्सरको उपचार गर्दा ५० प्रतिशत निको हुने सम्भावना रहने भक्तपुर क्यान्सर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा चालिसेले जानकारी दिए। उनी जति छिटो रोग पत्ता लगाउन सक्यो, त्यति नै चाँडो उपचार गरेर निको हुने बताउँछन्।

नेपालमा बर्सेनि २५ हजार क्यान्सरका नयाँ बिरामीको पहिचान हुने भन्दै करीब १५ हजारको यस रोगबाट मृत्यु हुने गरेको सरकारी तथ्याङ्क छ। सबैभन्दा बढी फोक्सो र दोस्रोमा महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ। त्यसपछि क्रमशः स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर हुने गर्छ। नेपालमा फोक्सोको क्यान्सरबाट सबैभन्दा धेरैले ज्यान गुमाउने गरेका छन्। अत्यधिक धूमपान तथा मद्यपान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकीरणाको प्रभाव, जीवाणुको तथा वंशाणुका कारण पनि धेरै क्यान्सरका रोगी बनेका छन्।

## बढ्दो ...

तालीमहरू दिएर आर्थिकरूपमा सक्षम र सबल बनाउनुपर्छ। आर्थिक सशक्तीकरणले महिलाहरूको मनोबल वृद्धि भई हिंसाविरुद्ध आवाज उठाउन सक्छन्। सबै खाले हिंसाविरुद्ध व्यापक सामाजिक जागरण अभियान आवश्यक छ। टोल, गाउँ, नगर, विद्यालय र सार्वजनिक ठाउँहरूमा महिला हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम चलाएर समाजलाई शिक्षित बनाउनुपर्छ। मिडिया, कला, साहित्य र सामाजिक संस्थाहरूको माध्यमबाट महिला हिंसाविरुद्ध प्रभावकारी चेतना फैलाउन सकिन्छ। महिला हिंसा समुदायको ठूलो समस्या हो। यसको समाधानका लागि समुदायको सक्रिय भूमिका आवश्यक छ। सामाजिक, धार्मिक र राजनीतिक नेताहरूले हिंसाविरुद्ध एकजुट भएर बोल्नुपर्छ। स्थानीय तह र समुदायमा हिंसाका घटना रिपोर्ट गर्न र तुरुन्तै कारबाई गर्न सहकार्य गर्नुपर्छ।

हिंसाका शिकार महिलाहरूलाई मनोवैज्ञानिक, कानूनी र सामाजिक सहयोग प्रदान गर्न सरकार र गैरसरकारी संस्थाहरूले पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। सङ्कटमा परेका महिलाहरूलाई आश्रय, कानूनी सहायता तथा पुनर्स्थापनाको व्यवस्था गर्न आवश्यक छ। हिंसा भएको सूचना परिवार र समाजमा आएपछि पीडित र पीडकलाई सँगै राखेर मेलमिलाप गराउँदा खतरा हुन सक्छ। त्यसैले बढी नै संवेदनशील भएका हिंसाका घटनामा पीडित र पीडकलाई सँगै राख्न मिल्दैन। छोरी, दिदीबहिनीको विवाह गरिदिएपछि सबै दायित्व सकियो भनेझैं माइती पक्षको सोचमा पनि परिवर्तन ल्याउनुपर्ने देखिन्छ। यदि छोरी, दिदीबहिनीहरूले घरमा असुरक्षा महसूस गरे भने माइती पक्षले पनि इज्जत र प्रतिष्ठाको सवाल उठाएर मिलाउन मात्र खोज्नुहुँदैन, पीडितलाई आश्रय पनि दिनुपर्छ। महिलाहरूले पनि हिंसामा परेपछि चुप लागेर सहनुहुँदैन, सुरक्षित तवरले घटनालाई बाहिर ल्याउनुपर्छ।

महिला हिंसाविरुद्ध प्रविधिको प्रभावकारी प्रयोग हुन सक्छ। आपत्कालीन अवस्थामा महिलाहरूलाई मदत पुऱ्याउन र प्रहरी तथा अन्य सहायता सेवासम्म पुग्न सहज बनाउन मोबाइल एप, हेल्पलाइन र डिजिटल प्लेटफर्महरू सञ्चालन गर्न सकिन्छ। महिला हिंसाका दोषीलाई कडा सजाय दिनुपर्छ, जसले गर्दा अन्यलाई चेतावनीको काम गरोस्। हिंसामा संलग्नलाई कानूनको डर हुन आवश्यक छ। बोक्सी, दाइजो र छाउपडी प्रथाजस्ता हानिकारक सांस्कृतिक परम्परा अन्त्य गर्न स्थानीयस्तरमा जनचेतना कार्यक्रम चलाउन जरुरी छ। परम्परागत सोचमा सुधार ल्याउन धार्मिक अगुवा, सामुदायिक नेता र शिक्षकहरूको सहयोगमा विशेष अभियान चलाउन आवश्यक छ। महिला हिंसा र हत्या एउटा गम्भीर मानव अधिकार उल्लङ्घन हो। यसको रोकथामका लागि कानून कार्यान्वयन, महिला सशक्तीकरण र सामाजिक, शैक्षिक तथा आर्थिकस्तरमा सशक्त कदम चाल्न आवश्यक छ। समाजमा महिलालाई सुरक्षित, सम्मानित, समानता, न्याय र अवसर प्रदान गर्न प्रत्येक व्यक्ति, परिवार, समुदाय र देशका तर्फबाट पहल हुनुपर्छ। यसो गर्न सकेमा न्यायपूर्ण, विकसित, सभ्य र अनुशासित तथा भयरहित समाज निर्माण गर्न सक्षम हुनेछौं।

–लेखक नेपाली काङ्ग्रेस गण्डकी प्रदेश शिक्षा, विज्ञान, प्रविधि विभागकी प्रमुख हुन्। रासस

## त्रिवि ...

सूचना पाइएकाले विद्यार्थीलाई सचेत गराइएको शिक्षाध्यक्ष केसीले बताए।

यसैबीच, विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र, शिक्षा, व्यवस्थापन, कानून सङ्काय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका विद्यार्थीका हकमा वार्षिक प्रणाली अन्तर्गत २०५८ देखि र सेमेस्टर प्रणाली अन्तर्गत २०६९ देखिका समयसीमा पार गरेका परीक्षार्थीलाई एकपटकका लागि मौका परीक्षाको अवसर दिइएको जनाएको छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनखती |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – अलमल |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## भूमिसुधार तथा मालपोत कार्यालय पर्साको ३५ दिने सार्वजनिक सूचना

यसमा पोखरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय पोखरिया पर्साको च.नं. ३७७५ मिति २०८१/०३/०७ तथा तहाँकै च.नं. ७१७ मिति २०८१/०५/३० को पत्रानुसार साबिक श्री ५ को सरकारको नाममा दर्ता रहेको तपसिलको सरकारी जग्गामा घण्टाघर निर्माण प्रयोजनार्थ 'सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७९' बमोजिम लिजमा उपलब्ध गराइदिनु भनी अनुरोध भई आएकोमा यस कार्यालयको मिति २०८१/०५/३० को आदेशानुसार दाबी जग्गको उपयोगको दाबी विरोध तथा हकदाबी सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। दाबी गरिएको तपसिलको जग्गामा अन्य कसैको हक लाग्ने भए, घण्टाघर निर्माणको लागि पोखरिया नगरपालिकालाई लिज तथा उपयोगमा दिंदा अन्य कसैलाई असर पर्ने भए वा उक्त दाबी सरकारी जग्गामा घण्टाघर निर्माण गर्दा अन्य कसैलाई असर पर्ने भए वा कुनै कारण भए सप्रमाणसहित आफू वा रीतपूर्वकको वारेसमार्फत यो सूचना जारी गरेको म्यादभित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा म्यादभित्र दाबी विरोध नपरेमा कानून बमोजिम हुनेछ।

तपसील

| जिल्ला | गा.वि.स. | वडा नं | सि.न. | कित्ता नं | क्षेत्रफल. (व.मी.) | प्रयोजन |
|---|---|---|---|---|---|---|
| पर्सा | पोखरिया | ४ | ११३०१४१०२ | ९ | ०,०१६५.०० | पोखरिया नगरपालिकामा |
| पर्सा | पोखरिया | ४ | ११३०१४१०२ | १० | ०,०३२०.०० | घण्टाघर निर्माणको लागि |

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# आसमान नेपालको सशक्त महिला समृद्ध नेपाल कार्यक्रमको अनुगमन

प्रस, परवानीपुर, ८ असोज/

गैरसरकारी संस्था आसमान नेपालले पर्सामा सञ्चालन गरेको सशक्त महिला समृद्ध नेपाल कार्यक्रमको अनुगमन सम्पन्न भएको छ।

आसमान नेपालको अनुगमन समितिले पर्सा जिल्लाको वीरगंज र पकाहामैनपुर गाउँपालिकामा अनुगमन शुरू गरेको छ। गत अप्रिलदेखि अर्थात् छ महीनादेखि वीरगंज महानगरपालिका–२७ उदयपुर घुर्मी, २८ बगही, २९ बसडिलवा, ३१ बेलवा र पकाहामैनपुर गापाका पाँचवटा वडामा सञ्चालनमा रहेको यो कार्यक्रमको अवस्थाका बारेमा अनुगमनकर्ताहरूले जानकारी लिएका छन्।

सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत लैङ्गिक हिंसाबारे जनचेतना जगाउने, लैङ्गिक हिंसा न्यूनीकरणमा भएका प्रयास, लैङ्गिक हिंसामा परेकालाई सम्बन्धित निकायमा रेफर, पीडितलाई सहयोग एवं आश्रय, पीडितलाई न्याय दिलाउने पक्षमा गरिएको वकालतलगायत विविध पक्षको बारेमा जानकारी लिएको छ।

पकाहामैनपुरमा अनुगमन टोलीले पारिवारिक संवाद कार्यक्रम आयोजना गरी सो गापाको लैङ्गिक हिंसासम्बन्धी जानकारी एवं कार्यक्रमको उपलब्धिबारे छलफल गरेको थियो भने वीरगंज महानगरपालिकाका वडाहरूको सहभागीहरूलाई नारायणी अस्पताल



तस्वीरः प्रतीक

वीरगंजमा छलफल कार्यक्रम राख्दै कार्यक्रमको सकारात्मक पक्षका बारेमा जानकारी लिएको थियो।

नारायणी अस्पतालको छलफल कार्यक्रममा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी)की फोकल पर्सन एवं नारायणी अस्पतालकी नर्स हेमा थापा, माइती नेपालकी शाखा अधिकृत गोमा पौडेलले लैङ्गिक हिंसाका कारण र घटनाहरू, चेलीबेटी बेचबिखन, रोकथामका लागि गरिएका प्रयास एवं लैङ्गिक हिंसा न्यूनीकरणका प्रयासबारे छुट्टाछुट्टै प्रस्तुतिबाट जानकारी गराएका थिए।

आसमान नेपाल सञ्चालक समितिका अध्यक्ष रामप्रवेश यादवको अध्यक्षता एवं आसमान नेपालकी 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रमकी पर्सा संयोजक ममता ओझाको सहजीकरणमा भएको कार्यक्रममा महिला, बालबालिका तथा सामाजिक न्यायिक समिति मधेस प्रदेशकी सदस्य एवं एमाले प्रदेश सांसद वीणा शर्माको प्रमुख आतिथ्य रहेको थियो भने अनुगमन कार्यक्रमको समापन समारोहमा खेलकूद तथा समाज कल्याण मन्त्रालय मधेस प्रदेशकी शाखा अधिकृत निशा कर्ण, कार्यक्रम प्रबन्धक सावनकुमार यादव, प्रादेशिक संयोजक किरण यादव, आसमान नेपालका पर्सा फोकल पर्सन धर्मेन्द्र चौरसिया, दातृ संस्था जुरी नेपालका विष्णु पौडेल, युएनएफएका सुजाता सुब्बालगायतको सहभागिता थियो। यो कार्यक्रम पर्सामा तीन वर्षको लागि सञ्चालनमा छ।

आसमाान नेपालले पर्सा जिल्लामा यो कार्यक्रम सँगसँगै सिकाइलाई निरन्तर गरौं, बालिकालाई पछाडि नगरौं, युएसएआइडी समतामूलक तथा समावेशी शिक्षा, कक्षा शिक्षण सिकाइ कार्यक्रम गरी चार प्रकारको कार्यक्रम विभिन्न पालिकाहरूमा गरिरहेको छ।


## वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं। वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारमा जाऔं।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनीले दिने सेवा, सुविधा र लाग्ने खर्च यकीन गरेर मात्रै जाऔं।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिसामा नभई रोजगार भिसामा जाऔं।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





## सिस्नेरी–दक्षिणकाली सडकखण्ड असोज १९ सम्म बन्द

मकवानपुर, ८ असोज/रासस

सिस्नेरी–दक्षिणकाली सडकखण्डमा मङ्गलवारदेखि १२ दिनका लागि यातायात सञ्चालनमा रोक लगाइएको छ।

बाग्मती प्रदेशको राजधानी हेटौंडाबाट सङ्घीय राजधानी काठमाडौं जोड्ने छोटो दूरीको सिस्नेरी–दक्षिणकाली खण्ड अन्तर्गत पर्ने दक्षिणकाली–छैमले खण्ड कालोपत्र हुने भएकोले यही असोज १९ गतेसम्म यातायात सञ्चालनमा रोक लगाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताए।

# खेलकूदको संसार

## वीरगंजमा पहिलोचोटि विद्यालयस्तरीय पौडी प्रतियोगिता

प्रस, वीरगंज, ८ असोज/

निजी तथा आवासीय विद्यालय एशोसिएशन (प्याब्सन) पर्साको आयोजनामा मङ्गलवार विद्यालयस्तरीय पौडी प्रतियोगिता सम्पन्न भएको छ।



वीरगंज–१० आदर्शनगरस्थित स्विमिङपुलमा आयोजित प्रतियोगितामा सिनियरतर्फ साउथ जोन माविका सुजल चौधरी प्रथम, मूनलाइन स्कूलका सत्येन्द्र यादव द्वितीय, नवदीप एकेडेमीका विजय महतो तृतीय र सान्त्वनामा सनसाइन स्कूलका रामकुमार चौथो, राजन मुर्मू पाँचौं र ब्लू हेभेनका अमितकुमार छैटौं भएका थिए।

जुनियरतर्फ सनलाइन स्कूलका विक्रम महतो प्रथम, सनसाइन स्कूलका विराज पटेल द्वितीय, ज्ञानदा एकेडेमीका सोनु पटेल तृतीय र सान्त्वनातर्फ विकन स्कूलका कामेश गोसाइ चौथो, मास्कोट एकेडेमीका सोनव आलम पाँचौं र राजु चौरसिया छैटौं भएका थिए।

प्रतियोगिताको उद्घाटन गर्दै नेपाल पौडी सङ्घका अध्यक्ष जगतमान श्रेष्ठले शारीरिक व्यायामको लागि पौडी निकै महत्त्वपूर्ण हुने बताए। उनले विद्यार्थीहरूलाई पौडीले स्वस्थ राख्न मदत पुर्‍याउने बताए। उनले प्रतियोगितालाई निरन्तरता दिन सुझाए। प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान र वीरगंज महानगरका अध्यक्ष आलोक चौरसियाको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्याब्सनका छेडुप लामा, सरोज चौधरी, शिव गुप्ता, श्याम केसी, लालबाबू कुर्मी, मणि पाखिन, पौडी सङ्घका गोपाल पाण्डे, भरत घिसिङलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सन्नी पाखिनले गरेका थिए।

## महिला लिग फूटबलमा आर्मी विजयी

काठमाडौं, ८ असोज/रासस

राजधानीमा जारी एन्फा महिला लिग फूटबल प्रतियोगितामा चन्द्रा भण्डारीको 'ह्याट्रिक'मा वालिङ नगरपालिकालाई पराजित गर्दै त्रिभुवन आर्मी क्लब विजयी भएको छ।


तस्वीरः फाइल

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मङ्गलवार भएको खेलमा आर्मीले वालिङ नगरपालिकालाई ८–० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। आर्मीका लागि चन्द्राका साथै विमला विक र अमिशा कार्कीले समान दुई/दुई गोल गरे भने एक आत्मघाती गोल भएको थियो।

खेलको ३८औं मिनेटमा विमलाले गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाइन्। त्यसपछि खेलको ४२औं मिनेटमा चन्द्राले गोल गर्दै आर्मीको अग्रता दोब्बर बनाइन्। उनले गोल गरेको दुई मिनेट बित्न नपाउँदै वालिङ नगरपालिकाकी खेलाडीले आत्मघाती गोल गरिन्।

खेलको पहिलो हाफमा ३–० गोलअन्तरले अगाडि रहेको आर्मीले खेलको दोस्रो हाफमा पाँच गोल थप्यो। खेलको ५४औं मिनेटमा चन्द्राले व्यक्तिगत दोस्रो गोल गरिन् भने उनैले खेलको ७३औं मिनेटमा एक गोल थप्दै ह्याट्रिक पूरा गरिन्। त्यसैगरी, अमिशा कार्कीले ६१औं र ७१औं मिनेटमा गोल गरिन्। विमलाले खेलको ९०औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन्। खेलमा चन्द्रा 'प्लेयर अफ दी म्याच'समेत घोषित भइन्।

जीतसँगै आर्मीले आठ खेलबाट १९ अङ्क जोड्दै अङ्कतालिकाको दोस्रो स्थानमा रहेको छ। समान आठ खेल खेलेको वालिङ १२ अङ्कका साथ अङ्कतालिकाको चौथो स्थानमा छ। अखिल नेपाल फूटबल सङ्घ (एन्फा)को आयोजनामा जारी उक्त प्रतियोगितामा १० वटा टोलीको सहभागिता छ।

## पदक विजेता खेलाडी स्वदेश फिर्ता

काठमाडौं, ८ असोज/रासस

सिनियर कराँते च्याम्पियनशिपमा रजत पदक विजेता एरिका गुरुङ मङ्गलवार स्वदेश फर्केकी छन्। चीनको हान्झाउमा आयोजित २०औं एशिया सिनियर कराँते च्याम्पियनशिपमा रजत पदक विजेता उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ, नेपाल कराँते महासङ्घका अध्यक्ष युवराज लामालगायतले स्वागत गरेका थिए।

एशियन कराँते फेडरेशनले आयोजना गर्ने एशियन च्याम्पियनशिपमा नेपालका कुनै पनि खेलाडीले अहिलेसम्म पदक जित्न सकेका थिएनन्। नेपाल पुलिस क्लबबाट कराँते खेल्न शुरू गरेकी एरिका पहिलोपटक १९औं एशियाडमा छनोट भएकी थिइन्। उक्त प्रतियोगितामा पनि उनले रजत पदक हात पारिन्।

## 'जलवायु अनुकूलन अबको जीवन पद्धति'

महोत्तरी, ८ असोज/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले जलवायु अनुकूलनको विषय अब जीवन पद्धतिसँग जोडिएको बताएका छन्।

संसार नै जलवायु परिवर्तनको असरले प्रभावित भइरहेका बेला अब चराचर प्राणीजगत्को जीवनका लागि जलवायु अनुकूलनतिर अग्रसर हुन अपरिहार्य बनेको उनले उल्लेख गरे। सिंहले बर्दिबासमा विभिन्न १४ वटा सामाजिक सङ्घसंस्थाले मङ्गलवार आयोजना गरेको 'स्थानीय नेतृत्वमा आधारित जलवायु अनुकूलन' छैटौं राष्ट्रिय सम्मेलनको उद्घाटन गरे।

जलवायु परिवर्तनका नकारात्मक असर घटाउँदै लान यो परिस्थितिभित्रबाटै सकारात्मक पहलकदमी आवश्यक रहेको उजको भनाइ छ। विषादीरहित प्राङ्गारिक खेतीपाती, सन्तुलित आहारविहार, प्रकृति संरक्षण र वातावरणीय सन्तुलनका लागि सघन वृक्षारोपणजस्ता विषय जलवायु अनुकूलनसँग जोडिएका हुँदा यसको अनुसरण अनिवार्य बनेको मुख्यमन्त्री सिंहले बताए।

जलवायु अनुकूलन सचेतना मधेसका बस्तीबस्तीमा पुर्‍याउन स्थानीय तह र सामाजिक सङ्घसंस्थाको नेतृत्वदायी भूमिका हुनुपर्ने सिंहको भनाइ छ। मधेस प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ मा एक करोड नयाँ बिरुवा रोपिने अभियान थालेको बताए। अब गरिने वृक्षारोपण माटो जाँच र रोपिने बिरुवाको वातावरणीय विशेषता निर्क्योल गरेर मात्र रोप्नुपर्ने उनको भनाइ छ।

सम्मेलनमा जलवायु अनुकूलनसँग जोडिएका गरीबी र असमानतालाई सम्बोधन गर्न अनुकूलन क्रियाकलापको प्रभावकारिता, अनुकूलन क्रियाकलापलाई बढावा दिन नीतिगत वातावरण निर्माण र स्थानीय अनुकूलन क्रियाकलापको विश्वव्यापी लक्ष्यबारे घनीभूत छलफल गरिएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नागदेव यादवले जानकारी दिए।

सम्मेलनबाट जलवायु




अनुकूलनसम्बन्धी विषयवस्तुबारे थप जानकारी प्राप्त गरेको बर्दिबास नगरपालिकाकी उपप्रमुख तारादेवी महतोले बताइन्। सम्मेलनमा जलवायु अनुकूलन खेती अँगाल्दै आएका कोशी र बाग्मती प्रदेशका किसान समूह पनि सहभागी छन्।

**वीरगंजमा ...**

दिनुपर्ने अवस्था छ, शहरी तथा ग्रामीण भेगमा सर्वसाधारण उपभोक्ताहरूको विद्युत् खपतमा सात प्रतिशत अर्थात् अघिल्लो आव २०७९/८० भन्दा गत आव २०८०/८१ मा एक लाख सात हजार युनिट विद्युत् खपत बढेको तथ्याङ्कले देखाउँछ भने औद्योगिक प्रयोजनतर्फ तीन प्रतिशतले लोड घटेको उनी बताउँछन्।

आर्थिक मन्दीको कारण उद्योगधन्दा कम चल्दा औद्योगिक क्षेत्रमा विद्युत् भार कम परिरहेको छ। वीरगंज, गण्डक, परवानीपुर सबै गरी करीब ३५०० सानाठूला उद्योगहरू ग्राहक छन् भने शहरी र ग्रामीण भेग गरी वीरगंज वितरण केन्द्र मातहत ५२ हजार पाँच सय उपभोक्ता छन्। यसरी दुवै जोड्दा करीब ५६ हजार उपभोक्ता हुन आउँछन्। शहरी र ग्रामीण भेगमा २५ वटा फिडर छन् भने औद्योगिक क्षेत्र र ११ हजार केभिएमा १०/१० र ६६ हजार केभिएमा पाँचवटा फिडर छन्। बारा, परवानीपुर गापा–५ नौतन बहुअरीमा स्थापना भइरहेको गण्डक सबस्टेशनमा थप १० वटा फिडर बढ्ने अनुमान छ। सबस्टेशनको काम ग्रिडबाट विद्युत् लिनेदिने व्यवस्थापन मिलाउने हो भने वितरण केन्द्रको काम विद्युत् सेवा उपभोक्तासमक्ष पुर्‍याउने हो।